# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ९१ | काठमाडौं | आइतबार, ७ साउन २०८० | Prabhab National Daily | Sunday, July 23, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-



विषादीको प्रयोग भएको खाद्यवस्तु, फलफूल एवं तरकारीको उपभोगबाट प्यारालाइसिस, हृदयघात तथा मृत्युसमेत हुनसक्ने भएकोले त्यस्ता वस्तुको उपभोगमा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## शक्तिमान् ओलीको मनमौजी



- ७० वर्षे उमेर हद हटाएर फेरि अध्यक्ष बन्ने मार्गप्रशस्त
- तत्कालीन नेकपामा दुई कार्यकारी पद ओगटेका ओलीले यसपटक भने त्यसलाई पार्टीमा हटाए
- कम्तीमा ३३ जना नेताले एक पदबाट राजीनामा दिनुपर्ने

■ जेबी योञ्जन

**काठमाडौं–** अघिल्लो साता नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा बसेको एमाले केन्द्रीय सचिवालय बैठकले नेताहरूको दोहोरो जिम्मेवारी खोस्ने निर्णय गऱ्यो । निर्णय कार्यान्वयन भएको अवस्थामा कम्तीमा ३३ जना नेताले एक पदबाट राजीनामा दिनुपर्छ । किनभने, कार्यकारी पदमा रहेकालाई दोहोरो जिम्मेवारी नदिन उक्त निर्णय गरिएको हो ।

दोहोरो जिम्मेवारीको एजेण्डा तत्कालीन नेकपामासमेत जोडले उठेको थियो । जतिबेला ओली प्रधानमन्त्री थिए । उनकै शब्दमा पार्टीका '१ नम्बर अध्यक्ष' पनि थिए । सरकार र पार्टी दुवैमा उनी कार्यकारी भूमिकामा थिए ।

पार्टीका अर्का अध्यक्ष पुष्पकमल दाहाल, वरिष्ठ नेता माधवकुमार नेपाल, झलनाथ खनाल र बामदेव गौतमलगायत नेताहरूले एक व्यक्ति एक पद हुनुपर्ने एजेण्डा उठाए । ओलीले नसुनेझैं गरे । अन्ततः यी र यस्तै मतभेदले सिर्जित अनेकन राजनीतिक घटनाक्रमको उपज नेकपा विघटन भयो । पूर्ववर्ती दलहरू एमाले र माओवादी ब्युँतिए ।

अहिले ओली अध्यक्षका अध्यक्ष छन् । उनै ओलीले हालै पार्टीमा भने दोहोरो पद अस्वीकृत गरेका छन् । आफू भने दुई कार्यकारी पदमा रहे । एमालेका एक जना केन्द्रीय कमिटी सदस्यले प्रभावसँग भनेका छन्, 'उहाँ (ओली)विरुद्ध बोल्ने कसले ? बोल्दा के हुन्छ ? भीम रावललाई हेरे पुग्छ ।'

यसअघि एमालेमा ७० वर्षे उमेर हद थियो । हालै हटाइएको छ । हटाउनुको कारण भन्न त नेकपा एकीकृत समाजवादीबाट आएका नेता मुकुन्द न्यौपानेलाई पार्टीको कार्यकारी भूमिकामा अटाउन भनिएको छ । अन्तर्य भने त्यस्तो छैन ।

ओली ७२ वर्षमा छन् । (जन्म २००८ साल फागुन ११) तीन वर्षपछि पार्टीको ११औं महाधिवेशन विधानअनुसार गर्नुपर्छ । त्यही महाधिवेशनमा पनि पार्टीको नेतृत्व लिनेगरी ओलीले हालै उमेर हद हटाएको पार्टीकै नेताहरू बताउँछन् । हुन त पार्टी नेतृत्वमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई ल्याउने कुरा पनि चर्चामा छ । उनका पछिल्ला अभिव्यक्ति र पार्टी राजनीतिमा बढाउँदै लगेको सक्रियताले भावी पार्टी अध्यक्ष नहोलिन् भन्न नसकिने एमाले नेता अइन्द्रसुन्दर नेम्बाङ बताउँछन् ।

'राष्ट्रप्रमुख भइसक्नुभएको, पार्टी उपाध्यक्ष भइसक्नुभएको, वर्षौं पार्टी राजनीतिमा त्याग तपस्या गरेको आधारमा उहाँ (विद्यादेवी) नेतृत्वका लागि अयोग्य हुने कुरै भएन । तर, अहिल्यै उहाँले तयारी गर्नुभएजस्तो लाग्दैन,' उनले भने ।

यदि, ओली अध्यक्ष भएको अवस्थामा उनकै उमेर (बाँकी पृष्ठ २ मा)

# धरमरमा सरकार, प्रधानमन्त्री रोमतिर



व्यापक रूपमा सरकार फेरिने हल्ला पनि बजारमा छ । खेल सामान्य छैन ।

■ सीतादेवी देवकोटा
केन्द्रीय सदस्य, नेका

घुमिफिरी सत्रु भनेको त कांग्रेस हो भन्ने पारेर अहिलेको गठबन्धन तोड्न सक्ने अनेक षडयन्त्र हुन सक्दछ ।

■ माधव नेपाल
अध्यक्ष, नेकपा एस



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसको जारी केन्द्रीय समिति बैठकमा पुष्पकमल दाहाल नेतृत्वको सरकार ढल्न सक्ने प्रसंग उठेको छ। बिहीबार कांग्रेस केन्द्रीय सदस्य सीतादेवी देवकोटाले सरकार फेरिनसक्ने हल्ला बजारमा व्यापक रूपमा फैलिएकोबारे सभापति शेरबहादुर देउवासँग जवाफ मागेकी हुन् ।

'व्यापक रूपमा सरकार फेरिने हल्ला बजारमा छ । खेल सामान्य छैन, कि माओवादी सक्काउने कि नेपाली कांग्रेस,' देवकोटाले केन्द्रीय समितिमा सभापति देउवालाई सचेत पार्दै भनिन्, 'भ्रष्टाचारीलाई कारबाही गरेको अवस्थामा माओवादीलाई छाडेर कांग्रेसले बदनामी कमाउने खेल पनि हुन सक्छ ।'

मंगलबार सुरु भएको कांग्रेस केन्द्रीय समितिमा सुरुकै दिन उपप्रधान तथा रक्षामन्त्रीसमेत रहेका उपसभापति पूर्णबहादुर खड्काले सरकारको माहोल बिगार्ने गरी नबोल्न केन्द्रीय सदस्यहरूलाई निर्देशन दिएका थिए । 'पार्टीको संगठन, निष्ठा र प्रभावमा हामी सरकारमा गएकाको भूमिका, हाम्रो बोली, जीवनशैली, निर्णयशैलीले असर पार्छन्, यसमा सतर्क हुन जरुरी छ,' खड्काको भनाइ थियो ।

- प्रदेश र समानुपातिक खारेजी, धर्मनिरपेक्ष हटाउनेजस्ता विषयमा कांग्रेस र एमाले एक मत हुनसक्ने अवस्था आए दाहाल सरकार ढल्ने
- उपप्रधानमन्त्री खड्काको बोलीबाट दाहाल नेतृत्वको सरकार धरमरमा रहेको संकेत
- पछिल्लो दिन सरकार 'बिजनेसविहीन', पत्नी सीताको निधनपछि शोकमा रहेका प्रधानमन्त्री दाहाल बिजनेस नपाएर इटाली भ्रमणमा

### चिनियाँ चासो र अमेरिकी आउजाउको संकेत

पृष्ठ २ मा

बजेटका कारण सरकारको बलियो खम्बा मानिएको कांग्रेसलाई सरकारमा अप्ठ्यारो परिस्थिति सिर्जना भएको उनको भनाइ छ । यसैकारणले माओवादी पनि कांग्रेससँग विश्वस्त हुन सकेको छैन । जसकारण माओवादीले एकीकृत समाजवादी र जनता समाजवादी पार्टीसँग मिलेर समाजवादी मोर्चासमेत कसेको छ । यस्तो अवस्थामा कांग्रेसको काम सत्ता गठबन्धनमा रहेकालाई मिलाएर लैजानुपर्ने खड्काको भनाइ रह्यो ।

'बजेटमा व्यवहारतः गर्नुपर्ने परिमार्जनहरू, बजेटलाई कानुनीरूपमा मिलाउनसक्ने कुरालाई ध्यानमा राखेर बजेट कार्यान्वयन गर्नुपर्ने अवस्था छ,' खड्काले भने, 'तुलनात्मक रूपमा अरु दलभन्दा कांग्रेसको भूमिकाले जोडिएका दलहरूलाई विश्वासमा लिएर जानुपर्ने वातावरण बनाउनुपर्नेछ ।' (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# जिटको लाइसेन्स नवीकरण गर्न विभागको आग्रह

■ प्रभाव संवाददाता




**काठमाडौं–** वैदेशिक रोजगार विभागले जापानमा प्रशिक्षार्थी श्रमिक पठाइरहेका इजाजतपत्र प्राप्त संस्था (म्यानपावर) लाई जिटको अनुमतिपत्र (लाइसेन्स) नवीकरण गर्न आग्रह गरेको छ । जापान इन्टरनेसनल ट्रेनिङ एण्ड को-अपरेसन अर्गनाइजेसन (जिटको) अन्तर्गत जापानमा प्रशिक्षार्थी श्रमिक पठाउने म्यानपावरलाई विभागले नवीकरण गर्न आवेदन आह्वान गरेको हो ।

विभागले बिहीबार एक सूचना जारी गर्दै यही साउन १५ गतेभित्र जिटको लाइसेन्स नवीकरणका लागि आवेदन दिन सक्ने जनाएको छ । गत आर्थिक वर्ष प्रशिक्षार्थी कामदार पाठाउन इजाजतपत्र पाएका म्यानपावर कम्पनीको मात्र जिटको लाइसेन्स नवीकरण हुने विभागले उल्लेख गरेको । वैदेशिक रोजगार ऐन तथा नियमावली २०६४ र नेपाली प्राविधिक प्रशिक्षार्थी जापान पठाउनेसम्बन्धी निर्देशिका, २०६६ बमोजिम तोकिएको शुल्क र कागजातसहित आवेदन दिन सकिने विभागले जनाएको छ ।

नवीकरणका लागि म्यानपावर कम्पनीहरूले निवेदनसहित नवीकरण दस्तुरबापत १० हजार रूपैयाँ बुझाएको सक्कलै रसिद, अघिल्लो नवीकरण मिति खुलेको सूचीकृत प्रमाणपत्रको प्रतिलिपि, जिटकोमार्फत गत आर्थिक वर्ष २०७९/८० मा कामदार पठाएको विवरण, कम्पनी रजिष्ट्रारको कार्यालयमा गत आर्थिक वर्षसम्म अध्यावधिक भएको कागजात र कर चुक्ता प्रमाणपत्र तथा इजाजतपत्रको प्रतिलिपि पेस गर्नुपर्ने व्यवस्था गरिएको छ । तर, यसअघि सूचीकृत भई नवीकरण वहाल रहेका इजाजतपत्र प्राप्त संस्थाहरूले पुनः सूचीकृत हुनु नपर्ने विभागले उल्लेख गरेको छ ।

यसअघि विभागले जापानमा प्रशिक्षार्थी कामदार पठाउन इच्छुक इजाजतपत्र प्राप्त म्यानपावर कम्पनीहरूलाई गत वैशाखमा जिटकोमा सूचीकृत हुन सूचित गरेको थियो । सुरुआती चरणमा २५० भन्दा बढी म्यानपावर कम्पनी जिटकोमा सूचीकृत भए पनि पछिल्लो समय नवीकरण गर्नेको संख्या घट्दै गइरहेको छ । जापानमा प्राविधिक प्रशिक्षार्थी श्रमिक पठाउन सूचीकृत हुँदै आए पनि सरकारकै नीतिगत कमजोरीका कारण कुनै उपलब्धि हासिल गर्न नसकेको भन्दै नवीकरणका लागि आह्वान गर्नुले खासै उत्साहित हुनु नपर्ने एक व्यवसायीको भनाइ छ ।

'जिटकोमा सूचीकृत हुनेले पनि जापानमा प्रशिक्षार्थी श्रमिक पठाउन पाएका छैनन्,' ती व्यवसायी भन्छन्, 'श्रमिक पठाउन नपाएपछि यसको अर्थ छैन, थुप्रै व्यवसायीहरूले लाइसेन्स नवीकरण गराउन छोड्दै गएका छन् ।' सरकार आफैंले जिटुजी सम्झौता गरेको चार/पाँच वर्ष वितिसक्दासमेत श्रमिक पठाउन नसकेको भन्दै उनले जिटको लाइसेन्स नवीकरणको खासै अर्थ नभएको बताए ।

जिटकोअन्तर्गत जापान जाने प्रशिक्षार्थी श्रमिकको उमेर ४० वर्ष ननाघेको हुनुपर्नेछ भने औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि, सहकारी सामुदायिक संघसंस्था, होटेल, पर्यटन व्यवसायलगायतका सेवा तथा वस्तु उत्पादनका क्षेत्रमा काम गरेको न्यूनतम दुई वर्षको अनुभव हुनुपर्ने विभागले जनाएको छ । प्रशिक्षार्थी श्रमिक पठाउन स्वीकृति प्राप्त संस्थाहरूले अधिकतम ५० हजार रूपैयाँसम्म प्रवर्द्धन शुल्क लिन पाउने प्रावधान रहेको छ ।

## साउदीमा थप ४१ जनालाई 'एक्जिट भिसा'

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीको लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप ४१ जना नेपाली श्रमिकले बहिर्गमन 'एक्जिट भिसा' पाएका छन् । साउदीको अध्यागमन कार्यालयले हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका ४१ जनालाई एक्जिट भिसा दिएको हो ।

एक्जिट भिसा प्राप्त गरेका व्यक्तिहरूले जतिसक्दो चाँडो साउदी छोडिसक्नुपर्ने रियादस्थित नेपाली दूतावासले जनाएको छ । नेपाली दूतावास रियादबाट प्रोसेसिङ गरेका उनीहरूलाई एक्जिट भिसा दिइएको हो । एक्जिट भिसा प्राप्त गरेका नेपालीहरूलाई यथाशीघ्र साउदी छोड्न जानकारी दिँदै समयमै भिसाको म्याद हेर्न पनि दूतावासले आग्रह गरेको छ । एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने र यसबापत एक हलाला पनि कहीँ कतै बुझाउनु नपर्ने दूतावासले जनाएको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।


दूतावासले इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने प्रस्ट पारेको छ । त्यसैगरी, कुनै केस वा जरिवाना छ भने त्यसको छिनोफानो नभएसम्म एक्जिट भिसा नलाग्ने र भिसा दिने सम्पूर्ण अधिकार साउदीको अध्यागमन कार्यालसँग मात्रै हुने दूतावासले प्रस्ट पारेको छ ।


जनहितमा जारी सन्देश

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।





थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीको लक्षणहरु: उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।



डेंगीबाट बच्ने उपायहरू

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।







आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।



दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।



बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।





पूरै शरिर ढाक्ने लुगा लगाउने ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं




**हिमालयन एक्जिभिसनको अवलोकन** | ललितपुरको च्यासलस्थित हिमालयन कलेज अफ इञ्जिनियरिङमा शनिबारबाट सुरु भएको हिमालयन एक्जिभिसनको अवलोकन गर्दै भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला । *तस्बिरः माधवप्रसाद घिमिरे/रासस*

# एक वर्षमा १२५ पक्राउ, ४३ मुद्दा दर्ता

**काठमाडौं–** नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले गएको एक वर्षमा विभिन्न आपराधिक क्रियाकलापमा संलग्न रहेका १२५ जनालाई पक्राउ गरी कारबाहीको दायरामा ल्याएको छ । उनीहरूविरुद्ध ४३ वटा मुद्दा दर्ता गरेको सिआइबीका प्रवक्ता प्रहरी उपरीक्षक सञ्जयसिंह थापाले जानकारी दिए ।




विभिन्न कसूरमध्ये सबैभन्दा बढी ठगीको देखिएको उनले बताए । सिआइबीका अनुसार ठगीमा ७५ जना पक्राउ गरी उनीहरूविरुद्ध २६ वटा मुद्दा दर्ता गरिएको छ । जुवासम्बन्धी कसूरमा ११ जनाविरुद्ध दुई मुद्दा, नागरिकतासम्बन्धी एक जनाविरुद्ध एक, संगठित अपराधमा दुई जना पक्राउ गरी एक मुद्दा दर्ता भएको सिआइबीले जनाएको छ ।

यस्तै खेलसम्बन्धी तीन जनाविरुद्ध एक, दुरसञ्चार हानीसम्बन्धी १४ जनाविरुद्ध दुई, सहकारी ठगीमा १४ जना पक्राउ गरी पाँच, लिखतसम्बन्धी चार जनालाई पक्राउ गरी तीन मुद्दा र राष्ट्र बैंक तथा बैंकिङ कसूरमा एक-एक वटा मुद्दा दर्ता भएको जनाइएको छ । आर्थिक अपराध अनुसन्धानको सिलसिलामा आठ मुद्दा दर्ता भई ३९ जनालाई पक्राउ गरिएको जनाइएको छ । यस्तै लिखत/ठगी/वैदेशिक रोजगार/नागरिकता ऐनअन्तर्गतको कसूरमा १६ वटा मुद्दा दर्ता भई ५७ जनालाई पक्राउ गरी कानुनी दायरामा ल्याइएको छ ।

वन्यजन्तु तथा वातावरणीय अपराध अनुसन्धानमा आठ अपरेशन सञ्चालन गरेर ३५ जनालाई पक्राउ गरी कानुनी कारवाहीका लागि सम्बन्धित डिभिजन वन कार्यालयमा बुझाइएको छ । मुद्दा फैसलातर्फ सजाय ठहर भई फरार रहेका विभिन्न १२५ जना प्रतिवादीलाई पक्राउ गरी ३० करोड छ लाख रूपैयाँ जरिवाना असुल र १२९ वर्ष कैद सजाय फर्स्योटका लागि अदालतमा पठाइएको सिआइबीले जनाएको छ ।

**अपराध नियन्त्रण चुनौतीपूर्ण**

समाजको विकासक्रमसँगै अपराधको कार्यविधि र त्यसमा प्रविधिको प्रयोग बढ्दै गएको वर्तमान सन्दर्भमा अपराध गर्ने शैली र आपराधिक गिरोहको सञ्जाल देश विदेशसम्म विस्तार भइरहेकाले अपराध अनुसन्धान कार्य थप चुनौतीपूर्ण हुँदै गइरहेको सिआइबीको निष्कर्ष छ । आपराधिक घटना र तथ्यांकको ग्राफ उकालो लागेसँगै अपराध अनुसन्धान कार्य प्राविधिकरूपमा अझै जटिल हुँदै गइरहेको प्रवक्ता थापाले बताए । यस्तै सिआइबीले ज्यानसम्बन्धी कसूरको संकास्पद घटनामा सफल अनुसन्धानमार्फत २६ व्यक्ति पहिचान गरी कारबाहीको दायरामा ल्याएको जानकारी गराएको छ । *रासस*

# प्रधानमन्त्री दाहाल इटाली भ्रमणमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल इटाली भ्रमणमा निस्किएका छन् । संयुक्त राष्ट्रसंघ, खाद्य तथा कृषि संगठनको 'फुड सिस्टम समिट प्लस टु'मा सहभागी हुन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै उनी शनिबार इटाली प्रस्थान गरेका हुन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा प्रधानमन्त्री दाहाललाई उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठलगायतले बिदाइ गरे ।



संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठनको मुख्यालय इटालीको रोममा आयोजना हुने 'युनाइटेड नेसन्स फुड सिस्टम-२०२३ स्टकिङ मोमेन्ट'मा प्रधानमन्त्री दाहालले विशेष सम्बोधन गर्ने कार्यक्रम छ । उक्त कार्यक्रम यही साउन ८ देखि १० गतेसम्म आयोजना हुँदै छ ।

प्रधानमन्त्री दाहालले यही साउन ८ गते सो कार्यक्रमको उद्घाटनसत्रमा सहभागी हुनेछन् । यस्तै अतिकम विकसित मुलुकको अध्यक्षको हैसियतमा उनले विशेष सम्बोधन गर्ने कार्यक्रम तय भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । सोही दिन नै प्रधानमन्त्री दाहाल विद्यालय भोजनको बारेमा आयोजना गरिएको छलफल सत्रमा सहभागी हुनेछन् । यसैगरी उनी साउन ९ गते खाद्य प्रणाली परिवर्तन र अभ्यासका सन्दर्भमा आयोजना हुने छलफलमासमेत सहभागी हुने जनाइएको छ ।

भ्रमणका क्रममा प्रधानमन्त्री दाहालले संयुक्त राष्ट्रसंघका उच्च अधिकारीसँग साइडलाइन भेटवार्ता गर्ने कार्यक्रम तय भएको छ । खाद्य तथा कृषि संगठनका महानिर्देशक, विश्व खाद्य कार्यक्रमका कार्यकारी निर्देशक, कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषका अध्यक्षलगायतका संयुक्त राष्ट्रसंघीय अधिकारीसँग प्रधानमन्त्री दाहालले भेटवार्ता गर्ने कार्यक्रम तय भएको छ ।

नेपालको खाद्य सुरक्षाका अलावा, नेपालले भोगिरहेको चुनौती एवं अन्तर ाष्ट्रिय सहयोगका बारेमा त्यस अवसरमा महत्त्वपूर्ण छलफल हुने कार्यक्रम छ । यस्तै रोममा गैरआवासीय नेपाली संघले आयोजना गर्ने अन्तर्क्रियामा प्रधानमन्त्री दाहाल सहभागी हुनेछन् । भ्रमण पूरा गरी प्रधानमन्त्री यही साउन १२ गते स्वदेश फर्कने कार्यक्रम छ ।

# उठ्न थाल्यो उपत्यकाको फोहोर

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले उपत्यकामा थुप्रिएको फोहोर व्यवस्थापन गर्न थालेको छ । नुवाकोटको सिसडलका बासिन्दाले केही दिनअघि फोहोरका कारण दुर्गन्ध फैलिएको भन्दै फोहोर फाल्न अवरोध गर्दै आएका थिए ।

यसअघि बञ्चरेडाँडाको ल्याण्डफिल्ड साइटमा फालिएको फोहोर माटोले छोप्नुपर्ने र दुर्गन्ध फैलिन रोक्नुपर्ने मौखिक सहमति भए पनि सहमति कार्यान्वयन नभएको भन्दै स्थानीयले अवरोध गरेका थिए ।

केही दिनअघि फोहोर विसर्जन गर्न स्थानीयले अवरोध गरे पनि शुक्रबारदेखि निर्वाधरूपमा फोहोर व्यवस्थापनको काम भइरहेको महानगरका वातावरण विभाग प्रमुख रवीनमान श्रेष्ठले जानकारी दिए । उनका अनुसार महानगरले बञ्चरेडाँडाको ल्याण्डफिल्ड साइटमा फोहोर पुऱ्याउन थालेको छ ।

शुक्रबारदेखि फोहोर बोकेका महानगरका गाडी ल्याण्डफिल्डसाइट पुग्न थालेपछि काठमाडौं उपत्यकाको सडकमा थुप्रिएका फोहोर एक/दुईभित्रै उठाइसक्ने उनको भनाइ छ । फोहोर बोकेका गाडीलाई ल्याण्डफिल्डसाइटसम्म पुऱ्याउन प्रहरीले सहयोग गरिरहेकाले पनि व्यवस्थापनमा सहज भएको प्रमुख श्रेष्ठले बताए ।

# बजेट कार्यान्वयनका लागि क्षमता विकास तालिम



**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाको वडा २९ ले जनप्रतिनिधि र कर्मचारीहरूका लागि क्षमता विकास तालिम सञ्चालन गरेको छ । महानगरले चालु आर्थिक वर्षका लागि वडामा पठाएको बजेटलाई प्रभावकारी कार्यान्वयन गर्न उक्त तालिम सञ्चालन गरेको हो । बजेट कार्यान्वयनको विधि र प्रक्रिया सम्बन्धमा जनप्रतिनिधि र कर्मचारीबीच समान बुझाइ हुनुपर्ने भएकोले क्षमता विकासका लागि तालिम आयोजना गरिएको वडाध्यक्ष कुश ढकालले जानकारी दिए ।

महानगरले विगत वर्षहरूमा पूर्वाधार क्षेत्रमामात्र काम गरिरहेका वडाहरूलाई यस वर्षदेखि सामाजिक, आर्थिक र सुशासनका क्षेत्रमा काम गर्ने अधिकार दिएर रकम बढाएको बताइएको छ । तालिममा बोल्दै वडाध्यक्ष ढकालले पूर्वाधार विकाससँगै रोजगारमुखी सीप सिकाउने, सीप सिकेकालाई उद्यमशील हुन प्रोत्साहन गर्ने र यस्ता उद्यमीले उत्पादन गरेका सामान तथा वस्तु महानगरपालिकाले खरिद गर्ने योजनामार्फत स्थानीय आय वृद्धिका कार्यक्रम सञ्चालन गरिने बताए ।

तालिममा नेपाल सरकारका उपसचिव सुवासचन्द्र शिवाकोटीले उपभोक्तामार्फत गरिने योजनाका विषयमा, महानगरको सार्वजनिक निर्माण विभागका प्रमुख राम थापाले पूर्वाधार विकासका कार्यक्रमको कार्यान्वयन प्रक्रिया, सामाजिक विकास विभागका प्रमुख गोपालप्रसाद पोखरेलले सामाजिक क्षेत्रका कार्यक्रम सञ्चालन र वित्त विभागका प्रमुख बुद्धरत्न मानन्धरले समग्र बजेट तर्जुमा र कार्यान्वयनसम्बन्धी प्रस्तुतीकरण दिएका थिए । प्रस्तुतिसँग सम्बन्धित विषयमा प्रचलित कानुनका व्यवस्था, स्थानीय अवस्था, कार्यक्रमको नतिजा मापन र कार्यान्वयन प्रक्रियाका विषयमा छलफल गरिएको थियो ।

वडासचिव रमेश घिमिरेकाअनुसार नगरसभाबाट स्वीकृत भएको बजेट र कार्यक्रमलाई सूत्र (सब नेसनल ट्रेजरी रेगुलाटोरी एप्लिकेसन) मा प्रविष्टि गराइसकिएको छ । केन्द्रबाट बजेट निकासा हुनुअघि नै यसको परिचालनसम्बन्धी दक्षता आवश्यक भएकोले तालिम सञ्चालन गरिएको उनले बताए ।

महानगरका प्रवक्ता नवीन मानन्धरले वर्गीकरणका आधारमा ठूला वडालाई भौतिक पूर्वाधार विकासका लागि १० करोड, सात करोड ५० लाख र पाँच करोड रूपैयाँ विनियोजन गरिएको छ । यस्तै सामाजिक विकासका कार्यक्रमका लागि आठ लाख, छ लाख र चार लाख ५० हजार रूपैयाँ, खेलकुदका कार्यक्रमका लागि आठ लाख, छ लाख र चार लाख रूपैयाँ छुट्याइएको छ ।

## शक्तिमान् ओलीको...

पृष्ठ १ बाट जारी

हाराहारीका नेताहरू ईश्वर पोखरेल र सुवासचन्द्र नेम्बाङ भने पार्टीको नेतृत्व नलिई 'रिटायर्ड' हुने आकलन छ ।

पोखरेल पार्टीका वरिष्ठ उपाध्यक्ष र नेम्बाङ उपाध्यक्ष छन् । किनभने, ओली निर्धारित अवधिमै पार्टी महाधिवेशन भए र तेस्रो कार्यकालका लागि अध्यक्ष भए २०८८ हुन्छ । त्यतिबेला पोखरेल र नेम्बाङ पनि ८० छेउछाउ पुग्नेछन् । निकै कम नेपाली राजनीतिज्ञहरू मात्रै यो उमेरसम्म सक्रिय राजनीतिमा हुने गरेका छन् ।

यसकारण पनि पोखरेल र नेम्बाङले पार्टी अध्यक्षको मौका ओलीका कारण गुमाउने अड्कल हुन थालेको छ । यसको पछाडि एउटा कारण छ- कि ओलीविरुद्ध निर्वाचन लड्ने उनी नेतृत्वको एमालेमा कोही पनि देखिने छाँट तत्काल छैन । दशौं महाधिवेशनमा पार्टीका पूर्वउपाध्यक्ष भीम रावलले ओलीलाई अध्यक्षमा चुनौती दिए ।

तर, उनलाई ओलीले राजनीतिको किनारामा पुऱ्याए । अर्थात्, रावलको राजनीतिक भविष्य तात्कालिक स्थितिलाई विश्लेषण गर्ने हो भने करिब समाप्त भएको अर्थ्याइन थालिएको छ । यसले गर्दा पनि राजनीतिक भविष्य समाप्त हुनेगरी ओलीलाई चुनौती दिने पक्षमा वरिष्ठ उपाध्यक्ष पोखरेल र उपाध्यक्ष नेम्बाङ देखिने छाँट निकै कम रहेको राजनीतिक विश्लेषक भीम भुर्तेल बताउँछन् ।

'ओलीले विधान संशोधन गरेर होस् या हरेक गरेर शक्तिशाली बन्नेगरी आधार निर्माण गरिसकेका छन् । त्यही भएर त उनले टीका लगाएर पदाधिकारीदेखि केन्द्रीय सदस्यसम्मै छानेनन् महाधिवेशनदेखि,' उनले भने, 'ओलीको बोलवाला छ अहिले । विरोधी स्वर सुनिए उनी दबाउँछन् । यसले गर्दा उनलाई कसैले चुनौती दिने देखिन्नँ ।'

एमालेबाट 'विदा लिएँ' भनेर अलग भइसकेका पूर्वमन्त्री मणि थापाले पार्टीमा ओलीले आफ्नो बचाऊ गर्ने र गुणगान गाउने नेताहरूलाई अवसरको खापैखाप दिने गरेको यसअघि नै प्रभावसँग बताएका थिए । उनकै कारण माधव नेपाल पक्षबाट एमालेमा फर्किएका '१० भाइ' र पूर्वमाओवादी नेताहरूको व्यवस्थापन उचित ढंगले नभएको थापा बताउँछन् । जसले गर्दा एमाले सिंगो एउटा पार्टी भए पनि तीन 'फ्याक्टर' छन् ।

एक नेताका अनुसार पार्टीको कुनै पनि मञ्चमा ओलीको मनमौजीविरुद्ध कसैले बोल्ने हिम्मत गरेका छैनन् । नगर्नुको पछि राजनीतिक भविष्यप्रतिको चिन्ता कारक रहेको ती नेताले बताए । यही मौकामा ओलीले उमेर हद हटाउनेदेखि एक नेतालाई दोहोरो कार्यकारी भूमिका नदिने निर्णय गराएका हुन् ।

## धरमरमा सरकार...

पृष्ठ १ बाट जारी

गत पुस १० मा माओवादीले कांग्रेससँग गठबन्धन तोडेको थियो । पछि माओवादी पुनः कांग्रेस गठबन्धनमै आएपछि अहिले एमाले सत्ताबाहिर रहेको छ । एमालेले लिएको प्रदेशको नेतृत्वहरू कांग्रेसले खोसेको छ । परिस्थिति बदलिँदा अहिले प्रमुख प्रतिपक्षी दल नेकपा एमाले कांग्रेससँग नजिकिएको छ । प्रदेश खारेजी, समानुपातिक खारेजी, धर्मनिरपेक्ष हटाउनेजस्ता विषयमा कांग्रेस र एमाले एकमत हुनसक्ने अवस्था आएमा सरकार ढल्नसक्ने कतिपयको दाबीसमेत रहेको छ । परिस्थिति यस्तै सिर्जना भए राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीकोसमेत ठूला दुई दललाई साथ हुने बताइन्छ । यस्तो अवस्थामा गठबन्धनलाई नै असर पार्नेगरी अभिव्यक्ति नदिन नेताहरूलाई खड्काले आग्रह गरेका हुन् ।

'धेरै ठूलो मिहेनत गरेर अनुकूल स्थिति निर्माण भएको छ । यसलाई सच्याउने, सुधार गर्ने कुरामा लागौं,' खड्काले भने, 'तर, मेरो आग्रह छ, हाम्रा गतिविधि, हाम्रा बोलीबाट कत्ति पनि यो राजनीतिक परिस्थिति, भत्किने बिग्रिने तहमा पुग्नेगरी जान हुँदैन ।' खड्काको बोली दाहाल नेतृत्वको सरकार धरमरमा छ भन्ने प्रस्ट उदाहरण हो ।

पछिल्लो दिनमा सरकार पनि 'बिजनेसविहीन' देखिन्छ । पत्नी सीताको निधनपछि शोकमा रहेका प्रधानमन्त्री दाहालसमेत बिजनेस नपाएर इटाली भ्रमणमा निस्केका छन् । असार २७ गते पत्नी गुमाएका उनी भोलि (सोमबार)बाट इटालीको रोममा सुरु हुने राष्ट्रसंघको खाद्य प्रणाली सम्मेलनमा सहभागी हुन शनिबार त्यसतर्फ प्रस्थान गरेका हुन् । कृषिमन्त्री बेदुराम भुसालसमेत सहभागी कार्यक्रममा प्रधानमन्त्रीको सहभागितालाई लिएर कतिपयले आश्चर्य मानेका छन् । दाहालले त्यहाँ 'युनाइटेड नेसन्स फुड समिट प्लस टु स्टकटेकिङ मोमेन्ट' नामक शिखर सम्मेलनका लागि नेपाल सरकारको तर्फबाट सम्बोधन गर्ने कार्यक्रम रहेको छ ।

एक त शोकमा रहेको बेला, अर्को सरकारबारे अनेक प्रश्न उठेको बेला उपप्रधान तथा रक्षामन्त्री खड्कालाई कार्यवाहक सुम्पेर दाहाल रोमतिर लागेका हुन् ।

# चिनियाँ चासो र अमेरिकी आउजाउको संकेत

**काठमाडौं (प्रस)-** पछिल्ला दिनहरूमा छिमेकी मुलुकका उच्चस्तरीय राजनीतिक भ्रमण जारी छ । अघिल्लो शुक्रबारमात्र अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लु काठमाडौं आएका थिए । लु काठमाडौं आएपछि भएको भेटवार्ता र उनको उद्देश्यबारे खासै मेलोमेसो कसैले पत्ता लगाउन सकेका छैनन् । यद्यपि सरकार परिवर्तनको षडयन्त्र भइरहेको पुष्टि सत्ता गठबन्धनकै एक हिस्सेदार एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले गरेका छन् । शनिबार काठमाडौंमा आयोजित 'समाजवादः बहस र संघर्ष' विषयक कार्यक्रममा अध्यक्ष नेपालले सरकार ढाल्न अनेक षडयन्त्र भइरहेको दाबी गरेका हुन् ।

'घुमिफिरीकन सत्रु भनेको त कांग्रेस हो भन्ने पारेर अनि अहिलेको गठबन्धन तोड्न सक्ने अनेक षडयन्त्र हुन सक्दछ । व्यवहार सोचेजस्तो हुँदैन । सिद्धान्त सोचेजस्तो हुँदैन । यथार्थको धरातलमा टेकेर चल्नुपर्दछ । किनकि, यहाँ कम्युनिस्ट भनेकाहरूले पनि प्रतिगामीसँग हातेमालो गरिरहेका छन्,' नेपालले भने । नेपालले यस्तो भन्दै गर्दा काठमाडौंमा उच्चस्तरीय चिनियाँ राजनीतिक भ्रमणको तयारी चलिरहेको छ ।

चिनियाँ विदेश विभाग प्रमुख लिउ जियनचाउले काठमाडौंमा 'सिल्क रोडस्टर' स्थापना गरेको हप्ता दिन नबित्दै अर्को उच्चस्तरीय टोली नेपाल आउन लागेको हो । लिउको भ्रमणको चाँजोपाँजो मिलाउन चीनको नेपाल मामला प्रमुख सरला नेपाल आइसकेकी छन् । चिनियाँ विदेश विभागकी कूटनीतिज्ञले आफ्नो नेपाली नाम सरला राखेकी छन् ।

शनिबार नेपाल आइपुगेकी सरलाले लिउको भ्रमण तालिका र भेटघाटको तालिका मिलाइरहेकी बताइएको छ । लिउले कम्युनिस्ट पार्टीका शीर्ष नेता र कांग्रेस सभापति शेरबहादुर देउवासँग भेटघाट गर्ने बताइएको छ । नेपालमा भारत र अमेरिकी नेताहरूको भ्रमण बाक्लिएपछि चिनियाँ नेताहरूको नेपाल आउने क्रम पनि बढेको हो । 'खेल सामान्य छैन' घटनाक्रम हेर्दा कतै कांग्रेस केन्द्रीय सदस्य देवकोटाले भनेझैं हुने हो कि ?



**बिपीको सालिक अनावरण** | बिपी कोइरालाको ४१औं स्मृति दिवसका अवसरमा शनिबार सुनसरीको इनरुवामा उनको पूर्णकदको सालिक अनावरण गरिएको छ । नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले इनरुवा–९ बबियामा बिपी कोइरालाको पूर्णकदको सालिक अनावरण गरेका हुन् । *तस्बिरः रासस*

# वीरगञ्जमा खानेपानीको हाहाकार

■ राजु विश्वकर्मा

**वीरगञ्ज–** वीरगञ्ज महानगरपालिका–१२ का लडुप्रसाद साहले बिहान करिब तीन घण्टाको संघर्षपश्चात् बल्लतल्ल पाँच लिटर खानेपानी जोहो गर्न सके । खानेपानीको खाली जार बोकेर बिहान ४ बजे घरबाट निस्किएका साहले वीरगञ्ज बजारको मुख्य सडक र गल्लीमा जडान भएका टयुबवेल तथा धारा चाहर्दै करिब पाँच किलोमिटर पैदलयात्रा गरेर बिहान ७ बजेसम्ममा बल्लतल्ल पाँच लिटर खानेपानी जम्मा पार्न सके ।

'लामो समयदेखि वर्षा नभएर घरमा जडान गरिएका टयुबवेल सुकेर पानी आउनै छाडेको छ,' साह भन्छन्, 'त्यसैले पानीको जोहो गर्न खाली जार बोकेर बिहानै ४ बजे घरबाट निस्के तर सडक छेउका अधिकांश टयुबवेल सुकिसकेकाले थोरैथोरै पानी जम्मा गर्दैगर्दै घण्टाघरसम्ममा पाँच/छ लिटर पानी जोहो गर्न सकियो, जोहो गरिएको पानीले अहिले तत्काल केहीबेरका लागि त समस्या टऱ्यो, तर दिनभरि कसरी चलाउने भन्ने चिन्तामा छौं ।'

आफ्नो पाँच जनाको परिवारलाई दैनिक कम्तीमा १०० देखि १५० लिटर पानी चाहिने उनी सुनाउँछन् । उनी भन्छन्, 'संघर्ष गरेर जोहो गरिएको पाँच/छ लिटर पानीले खाना पकाउन त सकिन्छ, तर के पिउने, भाँडा केले धुने र कसरी नुहाउने भन्ने समस्यामा छौं ।'

बिहानै ५ बजे उठेर नुहाइधुवाइ गरेर नियमित पूजाशनिबार गरी मात्र दैनिक काममा निस्किने वीरगञ्ज–६ का राजेश गुप्ता पानी अभावमा ननुहाएको चार दिन भइसक्यो । 'घरमा खानेपानीका लागि जडान गरिएको टयुबवेलबाट पानी आउनै छाडिएको छ,' मिनाबजारमा पसल सञ्चालन गर्दै आएका गुप्ता भन्छन्, 'घरको टयुबवेल सुकेर पानी आउन छाडेकाले छिमेकीको घरमा जडान भएको खानेपानी धाराबाट पानी ल्याएर पिउने गरेका छौं ।'

> लगातार ४० देखि ४५ डिग्रीसम्मको गर्मीले पानीका मुहान सुक्दै जाँदा खानेपानीको समस्या भएको स्थानीयको भनाइ छ । वीरगञ्जको छपकैया, मिनाबजार, भिस्वा, नगवा, मुर्ली, तेजारथ टोल, प्रतिमा चोक, ब्रह्म चोक, भन्सारलगायतका क्षेत्रमा स्थानीयले खानेपानीका लागि आ–आफ्नो घरमा जडान गरेको चापाकल सुक्दै गएको छ ।

पर्याप्त पानी नभएकाले तीन/चार दिनदेखि नुहाउन नपाएको उनको दुखेसो छ । परिवारका १० सदस्यका लागि दैनिक खाना पकाउने वीरगञ्ज–१४ भिस्वाका सुमित्रादेवीलाई घरमा खानेपानी नहुँदा समस्या भएको छ । 'खाना पकाउन पानी चाहिन्छ, तर टयुबवेलमा पानी आउँदैन,' सुमित्रादेवीले भनिन्, 'यस्तो अवस्थामा खाना कसरी बनाउने र भाँडाकुँडा कसरी धुन्ने भन्ने चिन्ताले पिरोलिरहेको छ ।'

गर्मी मौसमका समयमा खानेपानीको समस्या बर्सेनि हुने गरे पनि अहिलेको जस्तो खानेपानीको हाहाकार कहिले नदेखिएको स्थानीय ७५ वर्षीय शंकर साह कलवारको भनाइ छ ।

यो समस्या वीरगञ्जका लडु, राजेश, सुमित्रा वा शंकरको मात्र होइन वीरगञ्जका अधिकांशको समस्या हो । वीरगञ्जका अधिकांश क्षेत्रमा अहिले खानेपानीको हाहाकार भएको छ । लामो समय खडेरी परेपछि पानीका मुहान सुक्न थालेपछि चापाकललगायतका धारामा एकाएक पानी आउन छाडेको हो ।

लगातार ४० देखि ४५ डिग्रीसम्मको गर्मीले पानीका मुहान सुक्दै जाँदा खानेपानीको समस्या भएको स्थानीयको भनाइ छ । वीरगञ्जको छपकैया, मिनाबजार, भिस्वा, नगवा, मुर्ली, तेजारथ टोल, प्रतिमा चोक, ब्रह्म चोक, भन्सारलगायतका क्षेत्रमा स्थानीयले खानेपानीका लागि आ–आफ्नो घरमा जडान गरेको चापाकल सुक्दै गएको छ ।

बिहानदेखि साँझसम्म नै एकैनासले लागेको चर्को घामका कारण चापाकलको पानी नै सुकेर पानीको समस्या भएको वीरगञ्ज–१५ भिस्वा निवासी माया लामा बताउँछिन् । मानव जीवनमा पानीविना कुनै काम नै नहुने भन्दै पानीकै अभावले अहिले प्याकप्याक हुन थालेको उनको गुनासो छ ।

अहिले टोल, संघसस्था, विद्यालय, कलकारखानामा पानीको अभाव खड्किएको छ । लामो समयदेखिको खडेरीले पानीका मुहान सुक्न थाल्नुका साथै मोटर जल्ने तथा करेन्ट लाग्नेसमेत हुन थालेको छ। महानगर क्षेत्रभित्र खानेपानीको हाहाकार देखिएपछि महानगरपालिकाले वीरगञ्जका विभिन्न स्थानमा खानेपानीका लागि टयांकरबाटै पानी वितरण गरेको छ ।

जमिनको सतह मुनिबाट पानी तानेर टयांकीमा पानी संकलन गरी वडाका बासिन्दालाई टयांकरबाटै पानी वितरण गर्दै आएको महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल बताउँछन् । 'महानगरले दैनिक टयांकरबाटै पानी वितरण गर्दै आएका छौं,' उनी भन्छन्, 'महानगरभित्र खानेपानीको माग धेरै छ, हामीसँग पानी वितरण गर्ने टयांकर थोरै छ, भ्याएसम्म वडावडामा टयांकर पुगेर पानी बाँड्दै आएको छ ।'

यसबाहेक खानेपानीको समस्या समाधानका लागि खानेपानी संस्थान र खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयसँग पनि समन्वय भइरहेको प्रमुख प्रशासकीय अधिकृत पौडेलको भनाइ छ। खानेपानीको समस्यालाई दृष्टिगत गरी महानगरपालिकाले अनधिकृतरूपमा डिप बोरिङ जडान कार्य बन्द गर्न सूचना जारी गरेको छ । 'पछिल्लो समय स्थानीयले अनधिकृतरूपमा डिपबोरिङ जडान गरिरहेको पाइएको छ,' उनी भन्छन्, 'लामो समयदेखि वर्षा नभएर जमिनमुनि पानीको सतह घट्दै गएको छ, यस्तो अवस्थामा जथाभावी डिप बोरिङ जडान गरिए अझ खानेपानीको समस्या बढ्न सक्छ, त्यसैले यस्तो नगर्न सूचना जारी गरेका छौं ।'

अनुमतिविना जथाभावीरूपमा डिपबोरिङ जडान गर्ने कार्य भएको पाइएमा त्यस्तो कार्य गर्ने र गराउने दुवैपक्षलाई कारबाही गरिने उनको भनाइ छ । नेपाल खानेपानी संस्थानका प्रमुख ई.निरन महर्जनले वीरगञ्ज महानगर क्षेत्रभित्र देखिएको खानेपानीको समस्यालाई मध्यनजर गरी महानगरका हरेक वडामा सार्वजनिक धारा जडान गर्ने योजना बनाइएको बताए ।

'हरेक वडामा सार्वजनिक धारा जडानका लागि महानगरपालिकासँग सम्झौता भएको छ,' प्रमुख महर्जनले भने, 'यो सम्झौताअनुसार वडा वडामा सार्वजनिक धारा जडानका लागि उपभोक्ता समिति गठनलगायतका प्रक्रिया सुरु गरिसकेका छौं । छिट्टै त्यो कार्य गर्छौं र खानेपानी पुऱ्याउँछौं ।'

वीरगञ्ज र यस आसपासका क्षेत्रमा केही दिनयता चापाकल सुकेर खानेपानीको समस्या भएपछि केही पर्सा क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य प्रदीप यादवले सरकारको ध्यानाकर्षण गराएका थिए । जनता समाजवादी पार्टी नेपाल (जसपा) का प्रमुख सचेतकसमेत रहेका यादवले प्रधानमन्त्री पुष्पकमल दाहाललाई सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमै भेटेर वीरगञ्जमा निम्तिएको खानेपानीको भयावह स्थितिबारे ध्यानाकर्षण गराएका थिए । *रासस*

# 'सुरक्षाकर्मीले अध्ययनको दायरालाई बृहत् बनाउनुपर्छ'

**काठमाडौं (प्रस)–** प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरले सुरक्षाकर्मीले अध्ययन र बुझाइको दायरालाई बृहत् बनाउन जरुरी रहेको बताएका छन् ।

नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक डा. मनोजकुमार



केसीद्वारा लिखित 'नेपालमा प्रहरीको सुदृढीकरण, मानव सुरक्षा सूचित दृष्टिकोण, अवधारणा र प्रभाव' विषयक पुस्तकको शुक्रबार विमोचन गर्दै उनले प्रहरीले आफ्नो अध्ययन र बुझाइको दायरालाई बृहत् बनाउन जरुरी रहेको बताएका हुन् ।

'सुरक्षा जस्तो संवेदनशील सेवामा काम गर्नुपर्ने भएकोले प्रहरीले कानुन, समाज र परिवर्तनका नियमलाई बुझ्नुपर्छ र त्यसका लागि आफ्नो अध्ययन र बुझाइको धारणालाई बृहत् बनाउन जरूरी छ,' उनले भने । प्रहरी महानिरीक्षक कुँवरले प्रहरी सेवामा रहँदारहँदै बौद्धिक तथा प्राज्ञिक क्षेत्रमासमेत योगदानका लागि समय निकाल्न सफल प्रहरी वरिष्ठ उपरीक्षक डा. केसीको समर्पण र लगाव अनुकरणीय रहेको उल्लेख गरे ।

जनमानसको परम्परागत बुझाइमा प्रहरी भनेको फिल्डमा ढाल, डण्डा, लट्ठी र बन्दुक बोकेर खटिने भए पनि यस पुस्तकले आमनागरिकमा व्याप्त रहेको सो धारणा चिर्न केही हदसम्म सफल हुने उनले बताए । उक्त पुस्तक नेपाल प्रहरीलगायत देशविदेशका अन्य सुरक्षा निकायका लागि पनि महत्त्वपूर्ण दस्तावेजको रूपमा रहने उनको भनाइ थियो । कार्यक्रममा नेपाली सेनाका अवकासप्राप्त रथी बालानन्द शर्माले नेपाल प्रहरीले गर्ने कामलाई पुस्तकमा नयाँ ढंगले प्रस्तुत गरिएको बताए । उक्त पुस्तक नेपाल प्रहरीलाई मात्र नभई विश्वका अन्य देशका प्रहरीलाई पनि मार्गदर्शन बन्ने उनको धारणा थियो ।

शान्ति र विवाद अध्ययन केन्द्र कम्बोडियाका अध्यक्ष डा.एम्मा लेस्लीले पुस्तक सुरक्षा निकायमा कार्यरतका साथै अनुसन्धानमा संलग्नलाई विशेष उपयोगी हुने बताए । कार्यक्रममा पुस्तकका लेखक प्रहरी वरिष्ठ उपरीक्षक डा. केसीले पुस्तकको विषयवस्तु, शोधका लागि अपनाइएका उपायहरूलगायतका विषयमा संक्षिप्त प्रस्तुतीकरण गरेका थिए ।

कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक हुतराज थापा, अवकासप्राप्त प्रहरी महानिरीक्षकहरूलगायतको उपस्थिति रहेको थियो ।

# फेवातालबाट जलकुम्भी निकालियो



**लेखनाथ–** पोखराको फेवातालमा वर्षासँगै फैलिएको जलकुम्भी झारले ताल कुरूप बनेपछि पर्यटन व्यवसायी झार हटाउन सक्रिय बनेका छन् ।

प्रत्येक वर्षको वर्षात्को समयमा फेवातालको सिरान पश्चिमी भागबाट पूर्वीभागतर्फ फैलिँदै आउने जलकुम्भी झार हटाउन पोखराका विभिन्न संघसंस्था, सुरक्षाकर्मी र पर्यटन व्यवसायी सक्रिय हुने गरेका छन् ।

ट्रेकिङ एजेन्सी एसोसियसन अफ नेपाल (टान) गण्डकी प्रदेशको संयोजनमा पोखराका पर्यटन व्यवसायी, सुरक्षाकर्मी, पर्यटनसम्बन्धी संघसंस्था र विद्यार्थीद्वारा शनिबार बिहान फेवातालका फैलिएको १० ट्रक जलकुम्भी झार बाहिर निकालिएको टान गण्डकीका अध्यक्ष धर्मराज पन्थीले जानकारी दिए ।

जलकुम्भी झारकै कारण फेवातालमा पर्यटकलाई डुंगा सयर गर्न र तालको मध्यभागमा अवस्थित तालबाराही मन्दिर दर्शन गर्न जानका लागि समस्या परेपछि प्रत्येक हप्ता विभिन्न संघसंस्थाको संयोजनमा तालको जलकुम्भी झार हटाउने कार्य भइरहेको पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले जानकारी दिए । शनिबार जलकुम्भी झार हटाउने कार्यको शुभारम्भ गर्दै प्रमुख आचार्यले पोखराको सुन्दर र पर्यटकीय आकर्षणको केन्द्र फेवातालमा वर्षात्को समयमा फैलिने जलकुम्भी झारलाई व्यवस्थापन गर्न बायोग्यास कम्पनीसँग ठेक्का सम्झौता गर्ने तयारी भएको जानकारी दिए ।

नेपाल पर्यटक तथा होटल व्यवस्थापन प्रतिष्ठान (नाथम)का २०० विद्यार्थीले फेवातालको जलकुम्भी झार ताल बाहिर निकालेका थिए । फेवातालमा समस्याका रूपमा जलकुम्भी झार देखापरेको १२ वर्ष भइसकेको छ । *रासस*

# 'बिपीको साहित्यलाई गाउँगाउँसम्म पुऱ्याउनुपर्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका प्रवक्ता एवं अर्थमन्त्री डा. प्रकाशशरण महतले जननायक विश्वेश्वरप्रसाद कोइरालाको साहित्यलाई गाउँगाउँसम्म पुऱ्याउनुपर्ने बताएका छन् । बिपी कोइरालाको ४१औं स्मृति दिवसका अवसरमा नेपाली कांग्रेस क्षेत्र नं ५ ले शनिबार यहाँ आयोजना गरेको कार्यक्रममा उनले पार्टीले बिपी कोइरालाको साहित्य क्षेत्रलाई छपाएर गाउँगाउँसम्म पुऱ्याउनुपर्ने उल्लेख गरे ।

'थोरै साक्षरतादर भएको समयमा बिपी कोइरालाले साहित्य सिर्जना गर्नुभएको थियो, त्यसलाई छपाएर गाउँगाउँमा लैजान सके युवा पुस्ताले बिपीको साहित्यबाट प्रेरणा लिन सक्थे,' उनले भने । अर्थमन्त्री डा. महतले पार्टीभित्र एक अर्काप्रति गालीगलौजको संस्कार विकसित भएको उल्लेख गर्दै उक्त संस्कारले पार्टी अगाडि बढ्न नसक्ने धारणा राखे ।

पार्टी प्रवक्ता डा.महतले कांग्रेसले गरेका राम्रा कामलाई आमजनतासम्म पुऱ्याउन नसकेको बताए । 'प्रजातान्त्रिक समाजवादको लक्ष्य लिएर अगाडि बढेका बिपी लोकतान्त्रिक मूल्यमान्यताका आधारमा समतामूलक समाज निर्माण हुने कल्पनाका साथ अगाडि बढ्नुभएको थियो,' उनले भने ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रदीप पौडेलले बिपी कोइराला प्रधानमन्त्री



भएर १७ महिनामा गरेका काम आजसम्म कुनै पनि सरकारले गर्न नसकेको बताए । 'आर्थिक दृष्टिकोणविना राजनीति अगाडि बढ्न सक्दैन भन्ने बिपीको विचार थियो, बिपी कोइरालाको सरकारलाई अपदस्थ नगरेको भए नेपालको धेरै आर्थिक उन्नति गर्थ्यो,' उनले भने ।

बिपी प्रधानमन्त्री भएका बेलामा छ हजार विद्यालय र विश्वविद्यालय स्थापना गर्ने लक्ष्य लिएको नेता पौडेलको भनाइ थियो । कांग्रेसले बनाउने नीति, योजना र कार्यक्रमलाई बिपी कोइरालासँग जोड्न सकेमात्र उनप्रति सच्चा श्रद्धाञ्जली उनले बताए । बिपी आफ्नो लक्ष्यमा प्रस्ट भएको उनको भनाइ थियो । अठतीस राजद्रोहको मुद्दा हुँदाहुँदै नेपाल फर्किएका बिपी कोइराला देशको सच्चा नेता भएको नेता पौडेलले बताए ।

नेपाली कांग्रेस काठमाडौं क्षेत्र नं ५ का क्षेत्रीय सभापति श्याम खड्का र टोखा नगरपालिका वडा नं ६ की अध्यक्ष शान्ता खनाल पौडेलले राष्ट्रियता, प्रजातन्त्र र समाजवादका प्रवर्द्धक बिपी राष्ट्रवादी राजनेता भएको बताए ।

## 'बिपीको विचार र चिन्तनको जगमा कांग्रेसलाई अगाडि बढाउँछौं'

**काठमाडौं (प्रस)–** नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले विश्वेश्वरप्रसाद कोइरालाको विचार र चिन्तनको जगमा कांग्रेसलाई अगाडि बढाउने बताएका छन् । बिपी कोइरालाको ४१औं स्मृति दिवसका अवसरमा 'प्रजातान्त्रिक विचार समाज'ले शनिबार यहाँ आयोजना गरेको 'आजका सन्दर्भमा बिपीका विचार' विषयक विचार गोष्ठीमा उनले बिपीको विचार र चिन्तनलाई समावेश गरेर कांग्रेस केन्द्रीय समिति अगाडि बढ्ने बताए । 'लोकतान्त्रिक प्रतिनिधिका रूपमा हामीले बिपीलाई चिन्नुपर्छ, बिपी दूरदर्शी र परिपक्व नेता हुनुहुन्थ्यो, बिपी कोइरालाको विचारलाई कांग्रेसले छाडेको छैन,' महामन्त्री शर्माले भने ।

नेपालको कम्युनिस्ट आन्दोलनले बिपीलाई समयमा चिन्न नसकेको उनले गुनासो गरे । 'बिपीलाई कम्युनिस्ट आन्दोलनले चिन्न नसक्दा झापा आन्दोलन र माओवादी आन्दोलन भयो, उक्त आन्दोलनका कारण देशले ठूलो क्षति व्यहोर्नुपऱ्यो,' महामन्त्री शर्माले भने ।



मुलुकभर ३२९ स्थानीय तहको नेतृत्व गरेको कांग्रेसले चार प्रदेश सरकारकोसमेत नेतृत्व गरेकाले अब राम्रो काम गरेर आगामी निर्वाचनमा पहिलो पार्टी बन्ने वातावरण बनाउन जुट्नुपर्ने उनको भनाइ थियो । 'हामीले २०८४ सालको निर्वाचनको चिन्ता गर्ने होइन, अहिलेको चिन्ता गर्ने हो, राम्रो काम गर्ने हो, संगठनलाई बलियो बनाउने हो,' महामन्त्री शर्माले भने ।

प्रजातान्त्रिक विचार समाजका अध्यक्ष एवं वरिष्ठ पत्रकार कुलचन्द्र वाग्लेले प्रजातन्त्र बलियो भएमात्र देश बलियो हुने भएकाले प्रजातन्त्र बलियो बनाउन कांग्रेस लाग्नुपर्ने बताए ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सुन अनुसन्धानमा अलमल नगर

बुधबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ठूलो परिमाणमा अवैध रूपमा भित्र्याइएको सुन राजस्व अनुसन्धान विभागले बरामद गऱ्यो । यो प्रकरणमा हालसम्म एक चिनियाँसहित १० जना पक्राउ परिसकेका छन् । उनीहरूलाई थप १० दिन हिरासतमा राखेर अनुसन्धान बढाउन उच्च अदालत पाटनले अनुमति दिइसकेको छ । हङकङबाट ल्याइएको भनिएको उक्त सुन प्रकरणमा विमानस्थलका दुई जना कर्मचारीलाई निलम्बन गरिसकेको छ ।

तर, १०० केजीको हाराहारीमा भएको भनिएको सुनको वास्तविकता चार दिन बित्दा पनि पत्ता लागेको छैन । विभागले बल्ल शनिबारमात्र सुन प्रकरणमा जोडिएको अरु व्यक्ति खोजीका लागि पाँच जना अनुसन्धान अधिकृत तोकेको छ । विभागको काम गर्ने शैली हेर्ने हो भने सुनको परिमाण थाहा पाउन पनि महिना दिन लाग्ने देखिन्छ । किनभने परिमाण थाहा पाउन यसलाई गाल्नुपर्छ । गाल्नुअघि बरामद सुनमा विवाद छ कि छैन निक्र्योल हुनुपर्छ । अनुसन्धान नसकिञ्जेल सुन राष्ट्र बैंकको कस्टडीमा राखिने गरिन्छ । राष्ट्र बैंकका अधिकारीहरूका अनुसार बरामद भएको सुनमा कुनै विवाद नरहेको निक्र्योल भएपछि सुन गाल्न लगाइन्छ । एकपटकमा १० केजी सुन गाल्न सकिने र यसका लागि एक घण्टा लाग्ने प्रविधि राष्ट्र बैंकसँग रहेको छ । २४ क्यारेटको सुन भएमा ३० किलोसम्म एकै दिन गाल्न सकिने र क्यारेट कम भएमा धेरै दिन लाग्ने विज्ञहरू बताउँछन् । यस्ता अवस्था हेर्दा सुनको परिमाण थाहा पाउन नै निकै समय लाग्ने देखिन्छ ।

एक त विमानस्थलबाट 'डिटेक्ट' हुँदासमेत बाहिरिएको सुन, अर्को अनुसन्धानको लम्बेतान प्रक्रिया हेर्दा कतै यो सुन पनि ३३ किलो सुन प्रकरणझैं हुने त होइन ? आशंका गर्न थालिएको छ । २०७४ मा विमानस्थलबाट भित्रिएको ३३ किलो सुनमा भरियाको हत्या भयो भने ६२ जनाविरुद्ध मुद्दा दर्ता भयो । यो प्रकरणमा चुडामणि उप्रेती उर्फ 'गोरे डन' पक्राउ परे तर सुन भेटिएन । पछिल्लो सुन प्रकरणमा पनि राजनीतिक व्यक्तिसमेत संलग्न रहेको आशंका गरिएको छ । यदि यस्तो हो भने राजनीतिक व्यक्ति बचाउन सुन बरामद गर्नेहरूलाई उल्टै सजाय दिन बेर छैन । यसका लागि राज्यले अनेकन 'प्रोपोगाण्डा' रच्न सक्छ । ३३ किलो सुन प्रकरणमासमेत प्रहरीहरू पक्राउ परेका थिए । यसैले अनुसन्धानका नाममा निर्दोष फसाउने र दोषी उम्काउने खेल हुनसक्छ । यस्तो परिस्थिति आउन नदिन सबै सचेत बन्नुपर्छ । प्रहरीदेखि अनुसन्धानमा खटिनेहरूले शक्तिको आड र त्रासमा नपरी निष्पक्ष निचोड निकालियोस् । 'रात रहे अग्रख पलाउँछ' भन्ने उक्ति चरितार्थ हुनसक्छ, त्यसैले अनुसन्धानलाई 'फास्टट्र्याक'मा राखी शीघ्र निष्कर्ष निकालियोस् ।

## मननयोग्य

### चाणक्य नीति

उसले आफ्नो पहिलो लक्ष्य भारत वर्षको उत्तर-पश्चिममा बसेको तक्षशिला सहरका नरेश आम्भीलाई बनायो । कुनै युद्ध नै नगरी आम्भीले सिकन्दरले दासता स्वीकार गर्दै धेरै धन र बहुमूल्य उपहार पनि दिए । यो आम्भीको आफ्नो देशप्रति ठूलो विश्वासघात थियो सन्धिपछि सिकन्दरका सैनिकले उत्पात गर्न थाले । धेरै समयदेखि युद्धमा नै रहेका सैनिकहरू पत्नीबाट विछोड भएकाले तक्षशिलाका तरुनी देखेर कामुक भए । प्रतिदिन सहरका छोरीबुहारीहरू सिकन्दरका सैनिकका वासनाका सिकार भए । सिकन्दरले तक्षशीलामा संस्कृतको विरोध गरी युनानी भाषाकी आरम्भ गरायो । सिकन्दरले राज्यको सहयोग पाएकाले आचार्यहरू र विद्यार्थीहरूको अध्ययन-अध्यापन बन्द गरायो ।

राजा आम्भीले स्वीकार्नु, सिकन्दरका सैनिकको उत्पात, संस्कृतको पठनपाठन बन्द आदिले तक्षशिलामा विद्यार्थीहरू कम हुँदै गए, जुन विश्वविद्यालयमा प्रवेश पाउनका लागि विद्यार्थीको तछाडमछाड भइरहन्थ्यो ।


विष्णुगुप्तलाई थाहा भयो अब सिकन्दर कैकेय प्रवेश गरेर झेलम र चितारबीचको कैकेय देश जित्ने इच्छा गर्दै अघि बढ्दैछ, जहाँका राजा पुरु जसलाई पोरस भनिन्छ छन् ।

मातृभूमिको यस्तो दुर्दशा देखेर आमाका सपूत चाणक्यका हृदयमा हाहाकार मच्चियो । आम्भीजस्तो विश्वासघाती, महानन्दजस्तो बिलासी व्यक्तिलाई राजकाजबाट पर अलग्याएर राजा बनेको खण्डमा मात्र यस्तो आशा गर्न सकिन्छ यहाँ विश्वासघाती आम्भी विलासी महानन्दजस्ता गुजाबाट केही हुँदैन भारत वर्ष टुक्रा-टुक्रामा बाँडिएको छ, जसले सिकन्दरसँग टक्कर लिन खोज्छ, उसका सेनाको अगाडि कोही पनि टिक्न सक्दैन । नन्दजस्तो राजाका हातमा राज्य रहन दिनुहुँदैन । उनी बुझ्दथे कि मगध शक्तिसम्पन्न राज्य हो, ।

त्यहाँ राक्षसजस्तो बुद्धिमान् महामात्य छ, वीरताले मुक्त विशाल सेना छ, तर कसैले पनि पत्यार गर्दैनन्, किन कि नन्दको हातमा मगध सुरक्षित आम्भीजस्तै बनेर नन्दले पनि सिकन्दरको दासता स्वीकार गऱ्यो भने के होला ? यस्तो विचार गर्दै विष्णुगुप्तको मुख रातो-रातो भयो र मुखबाट एक्कासी 'अहँ अहँ चाणक्यले यस्तो हुन दिदैन' भन्ने बोली निस्कियो' मातृभूमिको रक्षार्थ सम्पूर्ण ज्ञान र प्राण पनि बलिदान गर्नेछ ।' क्रमश :

सन्दर्भ : बिपी स्मृति दिवस

# लोकतान्त्रिक आन्दोलनका शिखर पुरुष



▶▶ अर्जुननरसिंह केसी

सत्तामा उहाँ २००७ सालमा आठ महिना गृहमन्त्री र २०१६ सालमा साढे एक वर्ष प्रधानमन्त्री रहनुभयो । उहाँले बाँकी सम्पूर्ण जीवन लोकतन्त्र प्राप्तिको संघर्षमै लगाउनुभयो । त्यसक्रममा उहाँले राणाशाहीविरुद्ध जेलभित्रैबाट आमरण अनशन गर्नुभयो । वि.सं. २००७ सालको जनक्रान्ति, २०२५ सालपछि २०३३ सालसम्म सशस्त्र आन्दोलनको पनि उहाँले नेतृत्व गर्नुभएको थियो । वि.सं. २०१४ सालको भद्रअवज्ञा आन्दोलन वा २०३६ सालको विद्रोह तथा तत्कालीन राजालाई जनमत संग्रहको घोषणा गर्नुपर्ने परिस्थितिमा पुऱ्याउने राजनीतिक कार्यमा उहाँको ऐतिहासिक योगदान छ ।

जननायक महामानव आदि विशेषण र कार्यकर्ताहरूले सान्दाजु शब्दद्वारा पनि पुकारिने नेपाली कांग्रेसका संस्थापक नेता विश्वेश्वरप्रसाद (बिपी) कोइराला कांग्रेसका मात्र नभएर समग्र लोकतान्त्रिक आन्दोलनका शिखर पुरुष हुनुहुन्थ्यो । नेपालका राष्ट्रिय राजनीतिमा उहाँभन्दा लोकप्रिय तथा अग्लो व्यक्तित्व आजसम्म अरु देखिएको छैन । उहाँलाई मूर्धन्य नेताहरूले पनि आफ्नो नेता मान्ने गर्दथे । जुन उच्च मान्यता आजतक कायमै छ । नेपालको राजनीतिमा सबैभन्दा धेरै शब्द खर्चिएका र अन्तर्राष्ट्रिय राजनेताका रूपमा उहाँको नाम आउँछ । चीनमा राष्ट्रिय स्वाधीनता तथा एकता जनतन्त्र र समाजवादको लागि डा. सनयात सेनको र भारतमा सर्वोदय नेता जयप्रकाश नारायणको जुन राजनीतिक स्थान छ, बिपी त्यही स्तरको नेता हुनुहुन्थ्यो ।

विश्वेश्वरप्रसाद राजनीतिक जीवन त्यतिखेर भारतमा चलिरहेको भारतको स्वतन्त्रता आन्दोलनबाट भएको थियो । उहाँ भारतीय स्वतन्त्रता संग्राममा पनि सेनानी हुनुहुन्थ्यो । भारतबाट बृटिस शासन नहटेसम्म नेपालमा उसद्वारा पालित पोषित राणा शासन ढल्न र प्रजातन्त्रको नयाँ युग आउन कठिन हुने हुँदा भारतीय स्वतन्त्रता संग्रामलाई नेपालमा लोकतन्त्र स्थापनाको आधार मान्नुभएको थियो ।

उहाँले आफ्ना पिता कृष्णप्रसाद कोइरालाको जेलमै निधन हुँदा उहाँ भारतको हजारीबाग जेलमा राजबन्दी हुनुहुन्थ्यो । आन्दोलनमा लागेकै कारण विश्वेश्वरप्रसाद र उहाँका दाजु मातृकाप्रसाद कोइरालालाई वि.सं. १९८६ मा तीन महिनासम्म बेलायती सरकारले कैद गरेको थियो । यसपछि नै उहाँको राजनीतिक जीवनको सुरुआत भएको थियो । भारतीय राजनीति र समाजमा पनि समाजमा पनि उहाँको गाढा प्रभाव थियो । भारत प्रवासमा रहेकै बेला भारतको परिवर्तन देखेर उहाँले नेपालमा पनि परिवर्तन ल्याउने प्रयास गर्नुभयो । वि.सं. २००३ मा उहाँले भारतबाट समाजवादी नेपाली राष्ट्रिय कांग्रेसको स्थापना गर्नुभएको थियो भने २००६ सालमा उहाँकै पहलमा नेपाली कांग्रेस पार्टी बनेको थियो ।

वि.सं. २००३ मा विराटनगर मजदुर आन्दोलनको नेतृत्व गरेको अभियोगमा उहाँलाई नेपाल सरकारले एक वर्ष कैद गरेको थियो । सात सालको क्रान्तिमा विश्वेश्वरप्रसाद कोइरालाको महत्त्वपूर्ण योगदान रहेको थियो जसलाई नेपालको प्रजातान्त्रिक आन्दोलन पनि भन्ने भनिन्छ । २००७ सालमा उहाँले नेपालमा राणा शासनको अन्त्यको लागि सैनिक संघर्ष सुरु गर्नुभएको थियो । सोही वर्ष राणा शासनको अन्त्य भयो र नेपालमा बहुदलीय प्रजातन्त्रको स्थापना भएको थियो । तात्कालिक समयमा देशमा रहेको जहानीयाँ वा एकतन्त्रीय राणा शासनविरूद्ध सुरू भएको जनताको क्रान्ति २००७ फागुन ७ गते नेपालमा राणा शासनको अन्त्य गरी प्रजातन्त्रको स्थापनामा आएर रोकिएको थियो ।

व्यापक अध्ययन, चिन्तन तथा ठोस विश्लेषण व्यवहारमा उदारता तथा निर्णयमा अडान कर्तव्यको पुकारमा ज्यानको बाजी लगाएर भए पनि संघर्षमा होमिने आँट, मानवीय जीवनका साथै जनताका भावना र आवश्यकताबारे तीक्ष्ण तथा सूक्ष्म दृष्टिकोण बनाउनसक्ने कला, दार्शनिक पक्षमा गहिरो ज्ञान, संघर्षले दिएको अनुभवबाट बनेको दुर्धर्ष आत्मबल, अपरिग्रहयुक्त जीवनशैली आदि उहाँको व्यक्तित्वका ज्वलन्त विशेषता थिए । उहाँले दक्षिण एसियाको अवस्थितिमा नेपालको अस्तित्व, पार्टी र जनताका बीच कार्यकर्ताको भूमिका, जातीय विविधता भएको समाजमा राजनीतिक नेताको भूमिका, मुलुक गरिब तथा शोषित जनसमुदाय भएको अवस्थामा राष्ट्र नै लाभान्वित हुने खालको आर्थिक विकासका लागि राजनीतिक दल र नेताहरूले निर्वाह गर्नुपर्ने भूमिका जस्ता विषयमा उहाँले कार्यकर्ताहरूलाई निरन्तर प्रशिक्षित गरिरहनुभयो । राष्ट्रियता, लोकतन्त्र र समाजवादलाई नेपाली कांग्रेसका आधारभूत सिद्धान्तका रूपमा स्थापित गराउने सर्वोच्च सिद्धान्तकार नेता उहाँ नै हुनुहुन्थ्यो ।

सत्तामा उहाँ २००७ सालमा आठ महिना गृहमन्त्री र २०१६ सालमा साढे एक वर्ष प्रधानमन्त्री रहनुभयो । उहाँले बाँकी सम्पूर्ण जीवन लोकतन्त्र प्राप्तिको संघर्षमै लगाउनुभयो । त्यसक्रममा उहाँले राणाशाहीविरुद्ध जेलभित्रैबाट आमरण अनशन गर्नुभयो । वि.सं. २००७ सालको जनक्रान्ति, २०२५ सालपछि २०३३ सालसम्म सशस्त्र आन्दोलनको पनि उहाँले नेतृत्व गर्नुभएको थियो । वि.सं. २०१४ सालको भद्रअवज्ञा आन्दोलन वा २०३६ सालको विद्रोह तथा तत्कालीन राजालाई जनमत संग्रहको घोषणा गर्नुपर्ने परिस्थितिमा पुऱ्याउने राजनीतिक कार्यमा उहाँको ऐतिहासिक योगदान छ । उहाँ यथास्थितिवादी राजनीतिका एक नेता भएर होइन, राजनीतिको गतिलाई मोड्न सक्ने उहाँलाई तार्किक टुंगो दिनसक्ने र हर राजनीतिक परिस्थितिलाई प्रजातन्त्र अनुकूल बनाउन सक्ने अद्भूत क्षमता र व्यवहार कुशलता भएका अन्तराष्ट्रियस्तरको राजनेताका रूपमा सुपरिचित हुनुभयो ।



वि.सं. २०३३ पुस १६ गते राष्ट्रिय मेलमिलाप तथा एकताको सन्देश बोकेर उहाँ, गणेशमान सिंह, शैलजा आचार्यलगायत नेपाली कांग्रेसको एउटा ठूलै समूह आठ वर्ष लामो निर्वासित जीवन त्यागेर पटनाबाट काठमाडौं आउनुभयो । त्यसबेला उहाँ र गणेशमाजीमाथि आठवटा संगीन आरोपसहितका मुद्दा लगाइएको थियो । एउटै मुद्दामा हार्दा पनि उहाँहरूको ज्यान जान सक्दथ्यो । मुलुकभरि पञ्चहरूबट उहाँहरूलाई फाँसीको सजायको माग राख्दै वक्तत्व प्रकाशित, विन्तीपत्र टक्रचाउने, प्रस्ताव पारित गर्नेजस्ता गतिविधि अनवरत भइरहे । त्यसकारण कांग्रेसका नेताहरूलाई मार्नु पञ्चायती शासकको चरित्र नै थियो ।

पञ्चायती शासनको मुख्याती प्रजातन्त्रको शिविरमा यस कारणले पनि थियो कि त्यसबेला नेपाली कांग्रेसका लोकप्रिय, होनहार तथा प्रभावशाली नेताहरूलाई छानीछानी मार्ने षडयन्त्र बारम्बार भइरहचो । यसमा योगेन्द्रमान शेरचन, सरोज कोइराला, दिवानसिंह राई, तेजबहादुर अमात्य आदि पर्नुभयो । सिक्किमबाट नेपाल आई झापामा बसोवास गर्दै रहेका एउटा युवालाई तत्कालीन अञ्चलाधीशले रिभोल्भर दिएर निर्वासनमा रहनुभएका बिपीको हत्या गर्न बनारस पठाएको थियो । तर, त्यो षडयन्त्रको पर्दाफास भएपछि भारतीय सुरक्षाकर्मीले पक्राउ गरेको उक्त युवालाई बिपीले नै क्षमता दिएर रिहा गरिदिन आग्रह गर्नुभयो र उक्त युवा रिहा भयो । पछि त्यो युवा पत्रकारितातिर लागेको थियो ।

वि.सं. २०३६ मा जनमत संग्रहको सिलसिलामा स्याङ्जा पुग्नुभएका बिपीलाई मार्ने असफल प्रयास भएको थियो । उहाँलाई हानिएको गोली स्याङ्जाकै कांग्रेस कार्यकर्ता तारापति कोइरालाले छेकेर बिपीलाई बचाउनुभयो । बिपीलाई हानिएको गोली तारापतिजीको घुँडामा लागेको थियो । हत्याको प्रयास र फँसीको मागका बीच बिपीले आफूमाथि लागेका सबै मुद्दालाई डटेर सामना गर्नुभयो । यस क्रममा उहाँले अदालतमा दिनुभएको सात घण्टा लामो बयान आज पनि विद्वत समुदायमा चासो र खोजीको विषय भइरहेको छ । त्यसलाई अदालती वयानको अनुभव उदाहरण मानिन्छ । उहाँको स्वदेश आगमनले मुलुकमा यति ठूलो उत्साह र प्रभाव सञ्चार गऱ्यो कि निर्विकल्प, माटो सुहाउँदो आदि विशेष दिइएको पञ्चायतलाई साढे दुई वर्षभित्रैमा बहुदलको पक्षबाट जनअदालत (जनमत संग्रह) को कठघरामा उभ्याउनुभयो ।

राजनीतिमा बिपी कोइरालाका रूपमा संक्षिप्त नामले चिनिनुहुने उहाँ साहित्यमा पूरा नाम विश्वेश्वरप्रसाद कोइरालाबाट लोकप्रिय हुनुहुन्थ्यो । आफूलाई राजनीतिमा समाजवादी र साहित्यमा अराजकतावादी भन्नुहुने बिपी मनोवैज्ञानिक साहित्य लेखनमा विश्वस्तरीय रचनाकार हुनुहुन्थ्यो । उहाँले उपन्यास, कथा, निबन्धका करिब एक दर्जन कृति लेख्नुभएको छ । साथै, आत्मवृत्तान्त, जेल जर्नल, फुटकर लेख रचनाहरूको संगालो आदि पुस्तकहरू पनि प्रकाशित भएका छन् । नेपाली भाषा साहित्यमा उहाँले मनोवैज्ञानिक कथाहरूको नयाँ प्रयोग गर्नुभएको थियो । राजनीतिक आग्रह वा त्यसका छायाँ र प्रभाव उहाँले साहित्यमा प्रवेश गराउनुभएन ।

उहाँको जन्म भारतको बनारसमा १९७१ भदौ २४ गते भएको थियो थियो । न्वारानको नाम चूडामणि भए पनि विश्वनाथ मन्दिरको तीर्थस्थलमा जन्म भएको हुनाले उहाँको नाम विश्वेश्वरप्रसाद राखियो । एउटै पिताका तीन छोराहरू मातृकाप्रसाद, विश्वश्वरप्रसाद र गिरिजाप्रसाद प्रधानमन्त्री भएको विशेष उदाहरण उहाँको परिवारमा बन्यो । घाँटीमा आएको क्यान्सरका कारण उहाँको आवाज आउन छाडेको थियो । उहाँ सासले मात्र बोल्नुहुन्थ्यो । आफ्नो मृत्यु टाढा छैन भन्ने यकीन भएपछि उहाँले भाइ गिरिजाबाबुलाई एकदिन भन्नुभएछ, 'अब म उपचार गरेर बाँच्ने होइन । म स्वदेशमै मर्न चाहन्छु । यहाँबाट (बैंकक) मलाई नेपाल लगिहाल ।'


उहाँकै आग्रहमा २०३९ साउन ६ गते भेन्टिलेटरमा अक्सिजनसहित बेहोस अवस्थामा साँझ ६ बजे काठमाडौं ल्याइपुऱ्यायो तर त्यसको एक घण्टा पनि नबित्दै उहाँको निधन भयो । भोलिपल्ट साउन ७ गते उहाँको अन्त्यष्टि विशाल जनसमुदायको उपस्थितिमा भएको थियो । प्रजातन्त्रको पुनःस्थापना भएपछि उहाँका नाममा धरानमा स्वास्थ्य विज्ञान प्रतिष्ठान, भरतपुरमा क्यान्सर अस्पताल, काठमाडौंका आँखा अस्पताल, बनेपा-सिन्धुली-बर्दिवास राजमार्गको नामकरण गरिएको छ । भारतको पटनामा उहाँको पूर्णकदको शालिक र एउटा सडकको नाम बिपीमार्ग राखिएको छ । आज हामीबीच उहाँ हुनुहुन्न तर उहाँले देखाउनुभएको राजनीतिक दर्शन र सिद्धान्त नयाँ पुस्ताका लागि मार्गदर्शन बनेको छ । *रासस*

***(लेखक नेपाली कांग्रेसका नेता हुन्)***

# बैंकिङ सूचना र अनुशासनमा सघाउने पुस्तक

देशमा पछिल्लो समय फस्टाउँदै गएको बैंकिङ क्षेत्रका विविध विषयलाई समेटेर तयार गरिएको पुस्तक 'बैंकिङ अनुशासन-दिगो विकासका लागि' बजारमा आएको छ । पुस्तकले बैंकसम्बन्धी नीतिगत मार्गदर्शन, बैंकिङ साक्षरता र सचेतनाका साथै बैंक तथा वित्तीय क्षेत्रका बारेमा जीवन उपयोगी आवश्यक सूचनालाई समेटिएको छ ।

बैंकिङ क्षेत्रमा लामो समय काम गरेका यस विषयका जानकार बिएन घर्तीको यो पुस्तक बैंकिङ क्षेत्रमा रुचि राख्ने सबैका लागि उपयोगी हुनसक्छ । झण्डै तीन दशक बैंकिङ क्षेत्रमा काम गरेका घर्तीले आफ्ना अनुभवदेखि अध्ययन अनुसन्धानमूलक लेख रचना पनि पुस्तकमा समावेश गरेका छन् ।




बैंकमा कर्मचारीहरूलाई बिक्री लक्ष्यको भारी बोकाउने गरिएको हुन्छ र यसका कारण यस क्षेत्रभित्र अस्वस्थ प्रतिस्पर्धा पनि हुने गर्दछ भनिएको छ । यसरी लक्ष्य दिँदाका फाइदा र बेफाइदा के हुन् ? पारिश्रमिक दिनेगरी व्यावसायिक सञ्चालक नियुक्त गर्नुपर्ने कारण के हो ? बैंकहरू एक नम्बर हुने दौडमा सामेल हुँदाको प्रभाव के कस्तो हुन्छ ? यी विषयहरू पनि सो पुस्तकमा समावेश छन् ।


त्यसैगरी फाइनान्स कम्पनी र विकास बैंकको आवश्यकता, लघुवित्तको सकारात्मक र नकारात्मक पक्ष, बैंकिङ विकृति र नीतिगत विषयमा राष्ट्र बैंकको भूमिका, नीतिगत कमजोरीपूर्ण अवस्थालगायतका सामग्रीहरू यसमा संलग्न छन् ।

पूर्वबैंकर सशिन जोशीले पुस्तकको भूमिकामा बिएन घर्तीद्वारा लिखित बैंकिङ अनुशासन शीर्षकको पुस्तकलाई नेपाली बैंकिङ क्षेत्रको एक ज्ञानबर्द्धक खजाना हो भनेका छन् । विगतमा भोगेका समस्याबाट पाठ सिकेर अघि बढ्न चाहनेहरूका लागिमात्र होइन, भविष्यमा बैंकिङ व्यवसायलाई अझ बढी व्यावसायिकरूपमा व्यवस्थापन गर्न चाहने बैंकिङ पेसाकर्मी र बैंक नियामकका लागि पुस्तक उपयोगी रहेको जोशीको टिप्पणी छ ।

लेखक घर्तीले सो पुस्तक बढेपछि बैंकिङ क्षेत्रका कर्मचारीमा केही न केही परिवर्तन आउने विश्वास राख्छन् । पुस्तकमा व्यवस्थापन संकायका विद्यार्थीका लागि पनि पाठ्यसामग्री समेटिएको छ । त्रिभुवन विश्वविद्यालयमा व्यवस्थापन संकायका प्राध्यापक प्रा.डा. विष्णु खनालले व्यवस्थापन विषयमा अध्ययनरत विद्यार्थीलाई सरल तरिकाले कुरा बुझाउन पुस्तक सहयोगी हुने बताए ।

पुस्तकका बारेमा नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर डा. चिरञ्जीवी नेपालले लेखक घर्ती आफैं बैंकको तल्लो तहदेखि कार्यकारी नेतृत्वसम्मको जिम्मेवारी सम्हालेको र अनुभव भएको व्यक्ति भएकाले उहाँका अनुभव, अनुसन्धान र सिकाइ बैंक तथा वित्तीय संस्थाको जुनसुकै भूमिकामा रहेका व्यक्तिका लागि उपयोगी हुने भएकाले यो पुस्तक मार्गदर्शक बन्ने बताउँछन् । बैंकिङ एण्ड इन्स्योरेन्स म्यानेजमेन्ट प्रालि (बिआइएम) द्वारा प्रकाशित सो पुस्तक ४४४ पृष्ठको छ ।

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.



**पनौती सरसफाइ २०० हप्तामा** | काभ्रेपलाञ्चोकको पनौतीस्थित पुण्यमती खोला सरसफाइ गर्दै स्थानीय बासिन्दा । स्थानीय महिला समूहको सक्रियतामा 'क्लिन पनौती, ग्रीन पनौती' अभियान थालिएको शनिबार २०० हप्ता पूरा भएको छ । *तस्बिरः राजकुमार पराजुली/रासस*

# स्वास्थ्य बिमाबाट ५२ करोड आम्दानी

**चितवन–** भरतपुर अस्पतालले स्वास्थ्य बिमा कार्यक्रमबाट गत एक वर्षमा ५२ करोड ५० लाख ७२ हजार रूपैयाँ आम्दानी गरेको छ । यस अवधिमा सेवाग्राहीले दुई लाख छ हजार ८८५ पटक सेवा लिएका थिए ।

अस्पतालले बिमा कार्यक्रमबाट गत आवमा ४० करोड रूपैयाँ आम्दानी गर्ने लक्ष्य राखेको भए पनि सोभन्दा १२ करोड रूपैयाँ रकम बढी भुक्तानी भएको हो । भरतपुर अस्पतालको स्वास्थ्य बिमा कार्यक्रमका सम्पर्क व्यक्ति लिलाधर पौडेलका अनुसार गत आर्थिक वर्षको अझै १० करोड रूपैयाँ दाबी गरेर पठाइएको रकम आउन बाँकी छ । अघिल्लो आवमा अस्पतालले बिमा कार्यक्रममार्फत ३० करोड ७९ लाख रूपैयाँ भुक्तानी पाएको थियो ।

अस्पतालको तथ्यांकअनुसार आठ हजार ३९६ पटक अन्य स्वास्थ्य संस्थाबाट रेफर भएर आएका बिरामीले सेवा लिएका छन् । यस्तै स्वास्थ्य बिमामार्फत अस्पतालमा भर्ना भएर उपचार सेवा लिने बिरामी आठ हजार रहेका छन् । राज्यको सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत स्वास्थ्य बिमाजति प्रत्यक्ष राहत दिने महत्त्वपूर्ण कार्यक्रम अन्य नदेखिएको उनले बताए ।

अस्पतालमा आउने बिरामीमध्ये ७१ प्रतिशत बिरामी स्वास्थ्य बिमाबाट सेवा लिने गरेका छन् । सःशुल्क सेवा लिने २९ प्रतिशत मात्रै रहेको उनले बताए । विसं २०७४ भदौ १ गतेदेखि अस्पतालमा सुरु गरिएको स्वास्थ्य बिमा कार्यक्रममा हालसम्म आठ लाख पटक सेवा दिइएको छ ।

सेवाग्राहीको आकांक्षा र सेवा प्रदायकको कार्यक्रम समन्वय नहुनु, औषधिको उपलब्धता र गुणस्तरमा समस्या देखिनु, दाबी भुक्तानीमा समस्या देखिनु, सेवाग्राहीले सेवा लिन आउँदा आफू अपमानित भएको महसुस गर्नुजस्ता कारणले सेवामा अझै चुनौती रहेको उनले बताए ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट प्रा.डा. कृष्णप्रसाद पौडेलले संघीय सरकारले दिने बजेटभन्दा बिमा कार्यक्रमबाट प्राप्त दाबी भुक्तानी रकम बढी भएको बताए । कार्यक्रमलाई अझै सेवाग्राहीको चाहनाअनुरूप गर्न नसकिएको भन्दै उनले बिरामीका लागि थप संरचना निर्माण गरेर सेवा दिइने बताए । यसका लागि आवश्यक जमिनसमेत अस्पतालसँग नभएको उनको भनाइ छ । उनले आगामी दिनमा बिमा कार्यक्रमलाई अझै प्रभावकारी बनाएर लैजान अस्पताल लागि पर्ने बताए । अस्पतालमा एमआरआइसमेत ल्याइँदै छ । अत्याधुनिक उपकरणसहित विशेषज्ञ सेवा दिन सुरु गरिएसँगै रेफर भएर अन्यत्र निजी अस्पताल जानुपर्ने बिरामीको बाध्यता घटेर जाने उनको भनाइ छ ।

अस्पताल विकास समितिका अध्यक्ष राजु पौडेलले देशकै अस्पतालमा बिमा कार्यक्रम सबैभन्दा प्रभावकारी भरतपुर अस्पतालमा भएको बताए । *रासस*

# झोलुंगे पुल बनेपछि एक घण्टाको यात्रा १० मिनेटमै



**गलकोट–** बागलुङ जिल्लाको गलकोट नगरपालिका-१ दुदिलाभाटीमा गलकोट क्षेत्रकै लामो र अग्लो झोलुंगे पुल निर्माण भएको छ । दुदिलाभाटीस्थित मध्यपहाडी लोकमार्गको काफालठुटादेखि गौदी गाउँ जोड्ने गरी मान्द्रेखोलामाथि २२७.२ मिटर लामो झोलुंगे पुल निर्माण गरिएको हो । निर्माण कम्पनीले समयमै काम नसक्दा निर्माण आयोजना अलपत्र परिरहेका बेला काफालठुटादेखि गौदी जोड्ने मान्द्रेखोलाको झोलुंगे पुल ठेक्का सम्झौता मितिभन्दा छ महिनाअगावै निर्माण भएको छ ।

काठमाडौंको सस्पेन्सन वृज डिभिजन कार्यालयअन्तर्गत स्थानीय पूर्वाधार आयोजना कार्यालय कास्कीसँग २०७९ असार १५ गते बिएलपी कन्ट्रक्सनसँग १८ महिनामा निर्माण सक्नेगरी ठेक्का सम्झौता भएकामा छ महिनाअगावै निर्माण भएको हो ।

एक करोड २५ लाख रूपैयाँ लागतमा निर्माण गरिएको पुल असार मसान्तमै सकिएर हस्तान्तरणको तयारीमा पुगेको कास्कीस्थित स्थानीय पूर्वाधार आयोजना कार्यालयका इञ्जिनियर निरज सापकोटाले जानकारी दिए । '१८ महिनामा सक्नुपर्ने काम एक वर्षमै सकियो, समयमै भुक्तानी गर्न सकेको भए अझ पहिलै सकिन्थ्यो, सम्झौताभन्दा अगावै निर्माण सक्नु सकारात्मक पक्ष हो,' उनले भने, 'पुल निर्माण भएपछि गौदी हुँदै दुदिलाभाटी बजार र वडा कार्यालय पुग्न सहज हुनेभयो, पुल अन्तिम प्राविधिक मूल्यांकनपछि पुल हस्तान्तरण गरिनेछ ।'

इञ्जिनियर सापकोटाका अनुसार 'डी' टाइप मोडेलमा निर्माण भएको उक्त झोलुंगे पुलको उचाइ ६० मिटर छ । गलकोट नगरपालिकाभित्र २२७ मिटर लामो झोलुंगे पुल पहिलोपटक निर्माण भएको हो ।

साविक दुदिलाभाटी गाउँको तीन वटा वडाबासीलाई वडा कार्यालय जान, भाटी बजार पुग्न र वडा कार्यालय र भाटी बजारलाई मध्यपहाडी लोकमार्गमा आउन सहज भएको स्थानीय धना खत्रीले बताइन् । उनका अनुसार पैदलयात्रुलाई काफलठुटा हुँदै, चाउथेखोला, मान्द्रेखोला तरेर गौदी पुग्न एक घण्टा लाग्नेमा पुल निर्माणपछि १० मिनेटमै पुग्न सकिने भएको छ ।

पाँच वर्षदेखिको अनवरत प्रयास र पहलपछि पुल निर्माण गर्न सफल भएको गलकोटकी समाजसेवी ललिता थापाले जानकारी दिइन् । 'मध्यपहाडसँग छुटेको गाउँलाई झोलुंगे पुलले जोडेर सहज भएको छ, जिल्ला सदरमुकाम जानलाई यहाँका बासिन्दाको एक घण्टाको यात्रा छोटो भएको छ,' उनले भनिन्, 'झोलुंगे पुल निर्माणसँगै स्थानीयवासीलाई स्वास्थ्यचौकी, विद्यालय र वडा कार्यालय आवतजावत गर्न सहज भएको हो ।'

निर्माण गरिएको पुल साउन दोस्रो हप्ता प्राविधिक मूल्यांकनपछि हस्तान्तरण गरिने निर्माण कम्पनीका तीर्थाराम खड्काले जानकारी दिए । *रासस*

# बाहृय पर्यटकको रोजाइबाट टाढिँदै 'कञ्चनपुर'

■ शेरबहादुर सिंह



**महेन्द्रनगर–** सुदूरपश्चिम प्रदेशमै अथाह पर्यटकीय क्षेत्र रहेको कञ्चनपुरमा विगत केही वर्षयता बाहृय पर्यटकको आगमन घट्दै गएको छ । विश्वमै दुर्लभ बाह्रसिंगा पाइने शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, धार्मिक पर्यटकीय क्षेत्र वेदकोट ताल, झिलमिला ताल, लिंगेश्वर, एसियाकै लागि दोधारा चाँदनी झोलुंगे पुल, विभिन्न झरना, भाइरल रोड र चारवटा पाहुना घर भएको कञ्चनपुरमा तथ्यांक हेर्दा बाहृय पर्यटक न्यून संख्यामा भित्रिएका छन् ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत किशोरकुमार मेहताले गत आर्थिक वर्षमा सार्क मुलुकका १५८ र बाहृय मुलुकका १२१ जना विदेशी पर्यटकले शुक्लाफाँटाको अवलोकन भ्रमण गरेको जानकारी दिए ।

गत आवमा शुक्लाफाँटामा कूल तीन हजार ५५७ जनाले निकुञ्ज भ्रमण गरेको प्रमुख संरक्षण अधिकृत मेहताको भनाइ छ । शुक्लाफाँटा थोरै क्षेत्रफलमा धेरै बाघ (३६) भएको क्षेत्र हो भने यहाँ १७ वटा गैंडा, हात्ती र विभिन्न साढे चार सयभन्दा बढी प्रजातिका चराचुरुंगी र वन्यजन्तुको वासस्थान हो ।

आन्तरिक पर्यटकको आवागमन बढ्दै गए पनि शुक्लाफाँटामा बाहृय पर्यटक नआउनुमा प्रचारप्रसारकोसमेत कमी रहेको देखिन्छ । भीमदत्त नगरपालिका कार्यालयले शुक्लाफाँटाको प्रचारप्रसारका लागि हरेक वर्ष पर्यटन महोत्सव आयोजना गर्दै आएको भए पनि बाहृय पर्यटकसम्म त्यो पुग्न सकेको छैन ।

तीन सय पाँच वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको शुक्लाफाँटामा ५५ वर्गकिलोमिटरको विशाल घाँसेमैदान छ । जहाँ हजारको संख्यामा बाह्रसिंगा चरिचरण गरिरहेको सहजै देख्नसमेत सकिन्छ । शुक्लाफाँटामा बाहृय मुलुकबाट आउने पर्यटक अवलोकन भ्रमणसँगै विभिन्न वन्यजन्तुको अध्ययनका लागि आउने गरेका छन् ।

उता कञ्चनपुरको गड्डाचौकी नाकाबाट नेपाल भित्रिने बाहृय पर्यटकको संख्या पनि न्यून नै छ । अध्यागमन कार्यालय गड्डाचौकीले दिएको जानकारीअनुसार गत आवमा यहाँबाट तेस्रो मुलुकका ८९१ पर्यटक भित्रिएका छन् । अध्यागमन अधिकृत पदमराज भट्टले यहाँबाट भित्रिने पर्यटकको रोजाइमा शुक्लाफाँटा एक प्रतिशत पनि नपर्ने गरेको बताए ।

'मुख्य कुरो शुक्लाफाँटालगायत यहाँका पर्यटकीय क्षेत्रबाट हामीले यहाँबाट भित्रिने पर्यटकलाई जानकारी नै दिन सकिरहेका छैनौं,' उनले भने, 'यहाँबाट भित्रिने पर्यटकको रोजाइ बर्दिया, पोखरा र काठमाडौंलगायतका क्षेत्र पर्छ ।' गड्डाचौकी नाकाबाट करिब १० किलोमिटरको दूरीमा रहेको शुक्लाफाँटा निकुञ्ज र त्यहाँ हेर्न पाइने वन्यजन्तुबारे पर्यटकसम्म प्रचारप्रसार पुग्न नसक्नु नै मुख्य चुनौती हो ।

अध्यागमन कार्यालयका अनुसार अघिल्लो आवमा यहाँबाट १९८ जना मात्रै तेस्रो मुलुकका पर्यटक यहाँबाट भित्रिएका थिए । नेपाल-भारतका धार्मिक तथा अन्य पर्यटकीय क्षेत्र दूरीका हिसाबले नजिकै भए पनि पर्यटनलाई बढावा दिने खालका समन्वय अभाव देखिएको छ ।

त्यसैगरी कोरोना कहरपछि गड्डाचौकीबाट भारत जान बाहृय पर्यटकलाई रोक लगाइएको छ । कोरोनाकालपछि यहाँबाट पर्यटकलाई भारत पस्न दिन अनुमतिका लागि पहल गरिए पनि कुनै सुनुवाइ नभएको अध्यागमन कार्यालयको भनाइ छ । भारतको चम्पातका पूर्णागिरि माताको मन्दिर दर्शनपछि महेन्द्रनगर र ब्रह्मदेवमा सिद्ध वैजनाथ मन्दिरको दर्शनका लागि भने धार्मिक पर्यटक वार्षिक लाखको हाराहारीमा आउँछन् ।

त्यसैगरी कञ्चनपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष दिनेश मल्लले पर्यटक आउने वातावरण र चाहिने सेवा सुविधामा ध्यान नपुगेको बताइन् । 'पर्यटक आए पनि बस्नका लागि स्तरीय होटल, रिसोर्ट यहाँ उपलब्ध नहुने स्थिति छ,' उनले भने, 'पर्यटक भित्र्याउन निजी क्षेत्रको पनि ध्यान जानुका साथै प्याकेज ल्याउनु आवश्यक छ ।'

उनले पर्यटक रमाउने खालका धेरै सम्भावनायुक्त क्षेत्र भए पनि प्रचारप्रसार र संरक्षण र सम्वर्द्धनमा समेत जोड दिनुपर्ने बताए । 'कञ्चनपुर धार्मिक पर्यटकको अझ बढी सम्भावना बोकेको क्षेत्र हो ।' मल्लले भने, 'उता भारतमा पनि यहाँबाट धेरै धार्मिक पर्यटनका क्षेत्र दूरीका हिसाबले नजिक पर्छन् ।' उनले बाहृय पर्यटक भित्र्याउनु साथै उनीहरूलाई पर्यटनमैत्री वातावरण तयार गर्न स्थानीय र प्रदेश सरकारको पनि भूमिका चाहिने बताए । 'भारतको राजधानी नयाँ दिल्ली यहाँबाट सात/आठ घण्टाको यात्रामा पुगिन्छ,' उनले भने, 'त्यहाँका पर्यटकलाई शुक्लाफाँटाको विशेषताबारे बुझाउन चुकिरहेका छौं ।'

त्यसैगरी भीमदत्त नगरपालिका-१४ मा रहेको राना थारु सामुदायिक होमस्टेमा पनि बाहृयभन्दा स्वदेशी पर्यटक बढी आउँछन् । होमस्टेका सचिव चेतराम रानाले शुक्लाफाँटा भ्रमणका लागि आउने र विभिन्न दातृ निकायको कार्यक्रममा आउने पाहुना बास बस्न होमस्टे आउने गरेको बताए । आठ वर्षअघि स्थापना भएको होमस्टेमा १५ हजार पाहुना आए पनि त्यसमा बाहृय पर्यटकको संख्या न्यून रहेको सचिव रानाको भनाइ छ । 'शुक्लाफाँटाकै होमस्टे जोडिएको छ, यहाँ आउने पर्यटकलाई बसोबासका लागि सहज र वन्यजन्तु हेर्न छेउमै शुक्ला छ,' रानाले भने, 'मुख्य कुरो प्रचारप्रसार नै राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा हुनै सकेन ।'

त्यस्तै शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पर्यटकलाई अवलोकन गराउने नेचर गाइड कुम ठाकुरले बाहृय पर्यटक यहाँ घुम्न आउँदा विशाल घाँसेमैदान, दुई हजार ३०० भन्दा बढीको संख्यामा देख्न पाइने बाह्रसिंगा र सयौं प्रजातिका चराचुरुंगीमा लोभिने गरेको बताए । 'चराचुरुंगीका लागि राम्रो वासस्थान भएकाले यहाँ चरा हेर्न आउने बाहृय पर्यटक खुसी भएर जान्छन्,' १० वर्षदेखि नेचर गाइडको काम गरिरहेका ठाकुरले भने, 'सन् २०२० भ्रमण वर्षका बेला भने बाहृय पर्यटक राम्रै संख्यामा आएका थिए ।' *रासस*

# एक वर्षमा २० हजार विदेशी पर्यटकले घुमे मनाङ

**मनाङ (प्रस)–** आर्थिक वर्ष २०७९/८० मा हिमाली जिल्ला मनाङमा विदेशी पर्यटक आउने क्रम बढेको छ । गत वर्ष २० हजार २६७ विदेशी पर्यटक मनाङ भित्रिएका छन् ।

विश्वको १०औं स्थानमा पर्ने अन्नपूर्ण पदमार्गअन्तर्गत जिल्लामा विदेशी पर्यटक आउनेको संख्यामा वृद्धि भएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) मनाङका प्रमुख लेखनाथ गौतमले जानकारी दिए । उनका अनुसार आर्थिक वर्ष २०७९/८० मा सार्क राष्ट्रका ८४३ र अन्य राष्ट्रका १९ हजार ४२४ पर्यटक भित्रिएका छन् ।

नेपाल आउने अधिकांश पर्यटक मनाङ भित्रिने गरेको गौतमको भनाइ थियो । १२ हजार ७७९ पुरुष, सात हजार ४८५ महिला र तीन जना अन्य पर्यटक मनाङ आएका उनले जानकारी दिए । अन्नपूर्ण पदमार्गलाई जोखिम पदमार्गका रूपमा लिने गरिएको उनले बताए ।

मनाङ प्राकृतिक सुन्दरताले भरिपूर्ण भएकाले यहाँ घुम्न आउने पर्यटकले हिमशृंखला तथा हिमतालको नजिकबाट अवलोकन गर्न सक्ने एक्यापका प्रमुख गौतमले बताए । साथै यहाँको हावापानी, वेशभूषा, संस्कृति र सत्कारले पनि पर्यटकलाई यहाँ आकर्षित गर्ने उनको भनाइ छ ।

यस पदमार्गअन्तर्गत लमजुङको सदरमुकाम बेंसीसहरबाट पर्यटकले यात्रा सुरु गरेर मनाङको ताल, धारापानी, सदरमुकाम चामे हुँदै माथिल्लो मनाङ, पिसाङ, हुम्दे, भ्राका, मनाङगाउँ, खाङसार, थोराङला भञ्ज्याङ हुँदै थोराङला पास गरी मुक्तिनाथ पुग्ने गर्छन् ।

थोराङला पास गर्न २१ दिन लाग्ने गरे पनि अहिले मोटरेबल सडकका कारण यात्रा छोटिएको स्थानीय बताउँछन् । अहिले यस पदमार्ग १२ दिन यात्रामा पूरा गर्न सकिन्छ । उक्त पदमार्ग कास्कीको नयाँ पुलमा पुगेर टुंगिन्छ ।

प्रभाव दैनिक




## 'जारी'ले मनायो सय दिन

लिम्बू समुदायको संस्कृतिलाई विषयवस्तु बनाइएको चलचित्र 'जारी' प्रदर्शनको सय दिन पूरा भएको छ। श्रीमती फिर्ता ल्याउन सङ्घर्षरत श्रीमान्को कथा प्रस्तुत गरिएको जारी प्रथासँग सम्बन्धित चलचित्रलाई कविसँगै कथाकार रहेका उपेन्द्र सुब्बाले निर्देशन गरेका छन्। यस वर्षकै पहिलो दिन वैशाख १ गतेदेखि प्रदर्शनरत चलचित्रले आज काठमाडौँ उपत्यकामा रहेको तीन चलचित्र भवन क्युएफएक्स सिभिल मल, बिग मुभिज र एफक्युबमा प्रदर्शनको सय दिन पूरा गरेको हो। चलचित्रका कार्यकारी निर्माता मणिराम पोखरेलले यो खुसी शब्दमा व्यक्त गर्न नसकिने बताए। 'सय दिन पूरा गर्ने चलचित्र बन्यो। अहिले चलचित्र भवनको संख्या बढेको समयमा यो सफलता विरलै हो। पर्दामा समुदायको संस्कृतिलाई दर्शकले रूचाए', उनले भने।




आइतबार, ७ साउन २०८० (Sunday, July 23, 2023)

# 'दोहोरी आइडल'का ४२ प्रतियोगी सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल नेटवर्क टेलिभिजन आयोजक रहेको 'दोहोरी आइडल' का उत्कृष्ट ४२ प्रतियोगी सार्वजनिक गरिएको छ। राजधानीमा एक कार्यक्रमकाबीच आयोजकले प्रतियोगी सार्वजनिक गरेको हो।

कार्यक्रममा 'दोहोरी आइडल' नेपालको पहिलो बहुभाषिक रियालिटी शो भएको र प्रतियोगीले नेपाली, मैथिली, पहाडी, भोजपुरी, तामाङ र नेवारी लगायतका भाषामा प्रस्तुति दिने आयोजकले जानकारी दियो। वर्तमान सन्दर्भमा युवा पुस्तालाई आधुनिक संगीततर्फ आकर्षित गर्दै नेपालको विविधता युक्त लोकगीत संस्कृतिको संरक्षण र प्रवर्द्धन प्रतियोगिताको उद्देश्य रहेको छ।

कार्यक्रम सबै प्रतियोगीलाई प्रमाणपत्र समेत वितरण गरियो। प्रमाणपत्र वितरण कार्यक्रममा डिएआर मुभिजका प्रबन्ध निर्देशक श्याम धिताल, लोक गायक प्रेमराजा महत, लोक गायिका लक्ष्मी न्यौपाने, राधिका हमाल, चन्द्र शर्मा लगायत थुप्रै विशिष्ट व्यक्तिहरूको उपस्थिति थियो।

'दोहोरी आइडल'मा अब ४२ कलाकारहरूबीच प्रतिस्पर्धा हुने छ। प्रतिस्पर्धाका विजेताले नगद दश लाख र कार प्राप्त गर्नेछन्, भने उपविजेताले नगद तिन लाख र मोटरबाइक प्राप्त गर्नेछन्। कार्यक्रमका निर्देशक प्रभावन जे रहेका छन्।

उत्कृष्ट ४२ मा सविन आचार्य, रीता रावत, सपना रोका, विक्रम बाल, विश्वकर्मा, तारा थापा, टेकराज भण्डारी, रविन्द्र सुनार, निर्भता वस्नेत, सुस्मा ठकुरी, रत्न श्रेष्ठ, सरोज सिम्खडा, आशा केसी, संगीता थापा, सुरेन्द्र ज्याली मगर, वपु सविता परियार, अनिल सुनार, निशान्त बिक, लक्ष्मी बस्नेत, सिदार्थ आले, प्रीति गिरी, सुमन खड्का, शर्मिला बिसी, सानु केसी, सविता ढुङ्गाना, प्रकाश दुरा, खुस्बु सुनार, विजय बानियाँ, लक्ष्मी भण्डारी, विवेक धिताल, जमुना सुनार, दिपेन्द्र पौडेल, राममाया थापा, मीना नेपाल, प्रशन्न पाठक/राजेन्द्र पाठक, अर्जुन खड्का, सचिन भट्टराई, तिर्सना बुढा क्षेत्री, जीवन सिग्देल, रेनुका भट्टराई, प्रितम पोखरेल, बिना अनुरागी, राजेन्द्र पाठक, शान्ति भुषाल लगायत रहेका छन्।

## सजिना पुगिन् श्रीलंका

**काठमाडौं (प्रस)–** 'मिस वर्ल्ड टुरिजम' मा नेपालको प्रतिनिधित्व गर्न सजिना खनाल श्रीलंकाको कोलम्बो लागेकी छिन्। कोलम्बोमा १२ दिनसम्म आयोजना हुने 'मिस वर्ल्ड टुरिजम' मा भाग लिन सर्लाहीकी २२ वर्षीया खनाल बिहीबार त्यसतर्फ प्रस्थान गरेकी हुन्। ३५ देशको सहभागिता रहने प्रतियोगितामा सजिना नेपालको एक्लो प्रतिनिधि हुन्।

'नेपाललाई नै प्रतिनिधित्व गर्दा उत्साह र नर्भस दुवै छु। यद्यपि मोडलिङ यात्राको क्रममा सँगालेको सिकाईलाई त्यहाँ अवश्य प्रयोग गर्ने छु', खनालले भनिन्,' अन्तिम समयमा मोडलिङसँगै विभिन्न क्षेत्रका व्यक्तिले विदाई स्वरूप दिनुभएको शुभकामनाले हौसला बढेको छ।'

संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री सुदन किरातीले बुधबार खनाललाई बधाई तथा सफलताको शुभकामना दिएका थिए। मन्त्री किरातीले मन्त्रालयमा भएको भेटका क्रममा उक्त प्रतियोगितामा नेपालको पर्यटन प्रचार गर्न सुझाउँदै आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताएका थिए।

त्यस्तै खनाललाई बुधबारनै खानेपानी मन्त्री महिन्द्र राय यादव भेट्दै शुभकमना दिएका थिए। मन्त्रालयमा भएको भेटमा सजिनालाई मन्त्री यादवले अन्तराष्ट्रिय क्षेत्रमा नेपाल चिनाउन सफलता मिलोस् भन्दै शुभकामना दिएका थिए। 'नेपालको प्रतिनिधित्व गर्दै अन्तराष्ट्रिय कार्यक्रममा जानु भनेको एउटा गौरवको विषय हो। तपाईं जुन उदेश्यले सहभागी हुन लाग्नु भएको छ। सफलता अवश्य मिल्नेछ,' मन्त्री यादवले भने।

इभेन्ट बेटर ग्यालेक्सी इन्टरटेनमेन्टले 'मिस वर्ल्ड टुरिजम नेपाल' उपाधि सहित उनलाई उक्त प्रतियोगितामा पठाएको हो।

# 'मिस लिटल आइडल'को छनोट सुरु



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं प्याब्सन र एक्सन इन्टरटेनमेन्टको संयुक्त आयोजनामा राष्ट्रिय नाच घर जमलमा 'मिस लिटल आइडल' छनोट सुरु भएको छ। शनिबार नाच घरमा आयोजित सो छनोट कार्यक्रममा उपत्यकाका अधिकांश विद्यालयका विद्यार्थीका अभिभावक आफ्ना छोराछोरी लिएर सो कार्यक्रममा उपस्थित भएका थिए।

काठमाडौं प्यब्सनका अध्यक्ष प्रेमकुमार राईको अध्यक्षतामा आयोजित कार्यक्रममा सो प्रतियोगिताको उद्देश्यका बारेमा जानकारी दिइएको थियो। मिस लिटल आइडल कार्यक्रमकी संयोजक रीता राईले विद्यालयको पाठ्यक्रमको पढाइले मात्र विद्यार्थीको सर्वाङ्गीण विकास नहुने भएकाले यस्तो कार्यक्रम आयोजना गरेको बताइन्। उनले भनिन्, "विश्वव्यापी प्रतिस्पर्धाको युगमा हाम्रा नानीहरूलाई कक्षाकोठाका मात्र सिकाइले पुग्दैन। भविष्यमा आइपर्ने चुनौतीको सामना गर्ने क्षमताको विकास गर्न यस्ता कार्यक्रमहरूको आयोजना हुनुपर्छ।" उनले बालिकामा लुकेर रहेको प्रतिभा प्रस्फुटन गराउन मिस लिटिल आइडल जस्ता प्लाटफर्म आवश्यक पर्ने जानकारी दिइन्। २१औं शताब्दीमा आवश्यक पर्ने व्यावहारिक सीपको विकास यस्ता कार्यक्रमहरूले गर्ने र त्यसका लागि अभिभावकहरू पनि सचेत रहने पर्ने बताइन्।

कार्यक्रमका कोरियोग्राफर रोजिनले बालबालिकामा लुकेर रहेको प्रतिभा, क्षमता र दक्षता उहाँहरूमा भएको प्रतिस्पर्धी क्षमतालाई अझ बढी निखारेर ल्याउन प्रभावकारी हुने बताए। यो नितान्त प्रतिभा क्षमता र आत्मविश्वासमा प्रभावकारिता ल्याउने विश्वासमा काम गर्ने जिकिर गरे। यो प्रशिक्षण कार्यक्रममा उमेर समूह र कक्षाका आधारमा गरिने उनले बताए।

कार्यक्रममा अभिभावकका तर्फबाट रमेश पौडेलले नानीहरूलाई अतिरिक्त मञ्चको व्यवस्था गर्नु राम्रो कार्य भएको बताए। "यो बच्चाहरूलाई कसरी आफ्नो जीवन अगाडि बढाउने, आफ्नो क्षमता मञ्चमा गएर कसरी गर्ने भन्ने अवश्य सिकाउँछ," उनले भने, "तर प्याब्सनले यस प्रतियोगितालाई अन्तर विद्यालय प्रतियोगिता गर्दै अन्तिममा छनोटमा परेका ७० प्रतिभाहरूबीच प्रतिस्पर्धा गराएको भए उत्कृष्ट हुने थियो।" विद्यालयलाई विद्यार्थी पठाउन लगाएर अभिभावकलाई दुःख दिएको आरोपसमेत लगाए। विद्यार्थीको प्रतिभाको पहिचान नै नगरी सिधै मुख्य प्रतिस्पर्धामा बोलाएर भद्रगोल पारेको उनको आरोप थियो। यस्ता कार्यक्रममा विद्यालयसँग राम्रो समन्वय गरेर मात्र आयोजना गर्नुपर्ने जिकिर उनको थियो।

प्याप्सन काठमाडौंका अध्यक्ष प्रेमकुमार राईले आफ्नो क्षमतालाई निखार्न यो मञ्च अत्यन्त उपयोगी भएको बताए।

'तुलसी उसले फाँड्यो झार नचिनेर, करेन्ट लाग्यो उसलाई तार नचिनेर' भन्ने गीत प्रस्तुत गर्दै राईले भने अभिभावकहरू आफ्ना नानीहरूको प्रतिभा पहिचान गर्न नसकेर भ्रममा परिरहेको हुन सक्छन्। यस्ता प्रतियोगिताले आफ्ना नानीहरूको प्रतिभाको पहिचान गर्न सकिने बताए।

कार्यक्रम सञ्चालक शिभिरा लामाले यस्तै प्रतियोगितामा पाएको अवसरबाट नै आफूले थुप्रै कार्यक्रममा सहभागी हुने मौका पाएको अनुभव सुनाइन्। एक पटक अवसर पाएपछि त्यसको कदर अन्य ठाउँमा पनि पाइने र अन्य अवसरहरूका ढोका खुल्ने पनि उनले बताइन्।

सो प्रतियोगिताका लागि ६० जना बालिका छनोट गरी प्रशिक्षण दिइने छ। प्रशिक्षण साउन ६ गतेबाट सुरु हुने जानकारी दिइएको छ। त्यसैगरी मिस लिटल आइडलको ट्यालेन्ट सो साउन २० गते शनिबार बिहान ११ बजे सांस्कृतिक संस्थान नाचघरमा हुने छ भने यसको ग्रान्ड फिनाले साउन २७ गते शनिबार सोही स्थानमा हुने छ।



**ग्लोबल टी-२० क्यानडा लिग**

# सन्दीपको टिममाथि दीपेन्द्रको टोली विजयी, दुवैको राम्रो प्रदर्शन



■ प्रभाव संवाददाता

**काठमाडौं–** ग्लोबल टी-ट्वान्टी क्यानडा लिगमा नेपालका स्पिनर सन्दीप लामिछाने आबद्ध सरे जगुआर्स नेपालका अर्का अलराउन्डर दीपेन्द्रसिंह ऐरी आबद्ध मोन्ट्रियल टाईर्गससककंग पराजित गरेको छ। शनिबार बिहान क्यानडाको ब्रैम्प्टनमा सम्पन्न खेलमा दीपेन्द्रलाई आबद्ध टाईगर ५ विकेटले विजयी भएको हो।

जगुआर्सले दिएको १ सय ३७ रनको लक्ष्य टाईगर्सले १८ दशमलब ३ ओभरमा ५ विकेट गुमाएर पूरा गऱ्यो।

त्यसअघि पहिले ब्याटिङ गरेको जगुआर्सले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १ सय ३६ रन बनाएको थियो।

टाईगर्सका लागि बलिङमा मौका नपाएका दीपेन्द्रसिंह ऐरीले ब्याटिङमा २२ बलमा २८ रनको महत्वपुर्ण योगदान गरे। ऐरीले २ चौका प्रहार गरेका थिए।

ऐरी सहित २ जनालाई आउट गरेका सन्दीपले ४ ओभरमा १७ रन खर्चिएर २ विकेट लिएका थिए। बंगलादेशका अलराउन्डर साकिब अल हसनलाई सन्दीपले आउट गराएका थिए।

सन्दीप आबद्ध जगुआर्समा लिन्टन दास, एलेक्स हेल्स, मोहम्मद हरिस, ईफ्तिखार अहमद लगायतका खेलाडी रहेका छन्।

उता, दीपेन्द्र आबद्ध टाईगर्समा आन्द्रे रसेल, कार्लोस ब्रेथवेट, क्रिस लिन, सकिब अल हसन लगायतका खेलाडी रहेका छन्। दुवै खेलाडीको अन्तर्राष्ट्रिय प्रदर्शन अनुसार प्लेईङ-११ मा स्थान बनाउने पक्का जस्तै रहेको छ।

दुवै टोलीको प्रतियोगितामा पहिलो खेल हो। दुवै टोली जितका साथ प्रतियोगिता सुरुआत गर्न चाहन्छ।प्रतियोगितामा ६ टोलीको सहभागीता रहेको छ। प्रतियोगिताको फाइनल खेल अगस्ट ६ मा हुनेछ।

# स्किब्स थ्री बाइ थ्री सेमिफाइनलमा

■ प्रभाव संवाददाता



**काठमाडौं–** आयोजक श्री चन्द्रविन्दु इन्टरनेसनल बोर्डिङ स्कुल स्किब्स सातौं स्किब्स कप थ्री बाइ थ्री बास्केटबल प्रतियोगिताको जुनियर ब्वाइजमा सेमिफाइनलमा प्रवेश गरेको छ।

बसुन्धारास्थित घरेलु कोर्टमा शनिबार स्किब्सले सिद्धार्थ मोडेललाई ५-२ ले पराजित गर्‍यो। सोही स्पर्धामा पारामाउन्टले एन्जल्स हार्टलाई ६-५, ज्ञान निकेतनले रेडिअन्टलाई ६-५ र गोल्डेनपिकले सूर्योदयलाई ९-७ ले हराउदै सेमिफाइनलमा स्थान स्थान सुरक्षित गरे। सेमिफाइनलमा गोल्डेनपिकको भेट स्किब्ससँग हुनेछ भने पारामाउन्टले ज्ञान निकेतनविरुद्ध खेल्ने छ।

स्टाफमा स्किब्स र डिफेन्डिङ च्याम्पियन महामन्जुश्री उपाधिका लागि भिड्ने भएका छन्। स्किब्सले पाठशाला नेपाललाई ९-७ तथा महामन्जुश्रीले काठमाडौं वर्ल्ड स्कुललाई १९-१७ ले सेमिफाइनलमा पाखा लगाउदै उपाधि भिडन्त पक्का गरेका हुन्।

सिनियर ब्वाइजमा ग्रिनल्यान्ड, सेन्ट जोसेफ, रिलायन्स, हिमालय, ज्ञान निकेतन, नवज्योति, इन्साइट भिजन र निम्सले क्वाटरफाइनलमा स्थान बनाए। सिनियर गल्समा भ्याली पब्लिक, साविक विजेता निम्स, पाठशाला, बसुन्धारा नेसनल एकेडेमी बीएनए, रिब्स, पारामाउन्ट, एभरेष्ट र नेपाल मोडेलले क्वाटरफाइनल यात्रा तय गरे।

प्रतियोगिताको टोखा नगरपालिकाअन्तर्गत शिक्षा शाखाका प्रमुख प्रशाकीय अधिकृत बाबुराम गौतम, टोखा नगरपालिका वडा ५ का अध्यक्ष मदन गुरुङ र स्किब्सका प्रिन्सिपल अरुणकुमार केसीले निर्णायकलाई बल हस्तान्तरण गरी एक कार्यक्रमबीच संयुक्त रूपमा उद्घाटन गरे।

सिनियर ब्वाइजमा २४, जुनियर ब्वाइज र सिनियर गर्ल्समा समान १६-१६ तथा स्टाफमा ८ टिम गरी ६४ टिम सहभागी छन्। प्रतियोगिता आइतबार सम्पन्न हुनेछ।

# घोडचढी संघको अध्यक्षमा रविराज

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल घोडचढी (इक्विस्ट्रेरियन) संघको अध्यक्षमा रविराज कर्णिकार निर्विरोध निर्वाचित भएका छन्। संघको साधारण सभाले शनिबार संघको अध्यक्षमा कर्णिकारलाई निर्विरोध निर्वाचित गरेको हो।

संघको उपाध्यक्षमा नवराज सिलवाल निर्वाचित भएका छन्। भने अन्य दुई उपाध्यक्षमा प्रकाशजंग कार्की र रमेशमान मल्ल निर्वाचित भएका छन्।

यस्तै संघको महासचिवमा लोकजंग लामा, सचिवमा राममाया तामाङ र कोषाध्यक्षमा प्रेमबहादुर मोक्तान निर्वाचित भए।

सदस्यहरूमा मनऋषी धिताल, सन्तोष बुढाथोकी, हरिप्रसाद श्रेष्ठ, महेश श्रेष्ठ, तेन्जिङ थकाली, कर्म गुरुङ, ज्ञानेन्द्र श्रेष्ठ, रामसुन्दर बके र सुमन बोम्जन तामाङ निर्वाचित भए। नेपाल इक्विस्ट्रेरियन संघको वार्षिक साधारण सभा र निर्वाचन शनिबार सम्पन्न भएको छ।



"साल्तानात" नृत्य | उत्तरपश्चिम चीनको सिन्जियाङ उइगुर स्वायत्त क्षेत्रको उरुम्चीमा रहेको सिन्जियाङ पिपुल्स थिएटरमा सम्पन्न गीत र नृत्य पार्टी 'अफफ्लुन्ट होमटाउन'मा कजाकस्तानको 'साल्तानात' नृत्य प्रस्तुत गर्दै कलाकारहरू । *तस्बिरः सिन्हवा*

# कुकर-बिरालोको मासु बिक्रीमा प्रतिबन्ध

**जकार्ता–** इण्डोनेसियाको सुलावेसी टापुको कुख्यात पशुबजारमा अब कुकुर-बिरालोको मासु बेच्न नपाइने भएको छ । मासुका निम्ति पाशविकरूपमा ती पशु मारिएका भन्दै पशुअधिकारवादीले त्यसको अन्त्यका लागि वर्षौंदेखि कुकुर-बिरालो बचाऊ अभियान थालेका थिए ।

चमेरा, मुसा, सर्प र बाँदरको मासुसँगै कुकुर र बिरालोको मासु पनि बिक्रीमा राखिने गरेको थियो तर शुक्रबारदेखि कुकर, बिरालोको मासु बेच्न नपाइने प्रतिबन्धात्मक आदेश जारी भएपछि त्यो रोकिएको छ ।

विगतमा निर्दयी बनेका पशुबजारका व्यापारी यसपटक भने कुकुर र बिरालाको मासु नबेच्न सहमत भएका पशुअधिकारकर्मी संस्था ह्युमेन सोसाइटी इन्टर नेसनलले शुक्रबार जारी गरेको वक्तव्यमा जनाइएको छ ।

कुकुर-बिरालाको मासु बेच्न नपाइने सरकारी आदेशपछि मानव उपभोगका खातिर हजारौं पशुले चरम यातना खपेर अब मर्नुनपर्ने भएको उल्लेख गर्दै सोसाइटीले सरकारी निर्णयलाई ऐतिहासिक कदम भनेको छ । साथै उसले उक्त निर्णयको स्वागत गरेको छ ।

स्थानीय संस्कृतिका कारण कुकुर-बिरालाको मासु बेच्ने विश्वका अति थोरै मुलुकको सूचीमा इण्डोनेसिया रहेको छ । शुक्रबार पशुबजारका छ जना व्यापारी र तोमोहन नगरका प्रमुखबीच कुकुर-बिरालाको मासु नबेच्नेसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको हो । व्यापारीले अब उप्रान्त कुकुर-बिरालाको मासु नबेच्न प्रतिबद्धतासमेत जनाएका सोसाइटीले विज्ञप्तिमा उल्लेख गरेको छ ।

कुकुर-बिरालाको मासु बिक्रीमा रोक लगाउनुपर्ने अभियानको अगुवाइ गरेका सोसाइटीका निर्देशक लोला वेब्बर व्यापारी र नगरप्रमुखबीच भएको सम्झौताले हजारौं छाउराको ज्यान जोगिने तथा कुकुर-बिरालाको चोरी तस्करी पनि नियन्त्रण हुने बताए । उक्त टापुमा बर्सेनि एक लाख ३० हजार कुकर मासुका लागि मारिने गरेका थिए ।

पशुलाई नमरुञ्जेल कुट्ने, झुन्ड्याउने, जिउँदै आगो लगाउनेजस्ता क्रुर एवं अमानवीय व्यवहारका कारण सुलावेसीको पशुबजार अति आलोचित छ । सन् २०२० मा चिनियाँ सहर उहानबाट कोरोना भाइरस यस्तै मासुबजारबाट मानवमा सरेको भन्ने जानकारी बारम्बार गराएपछि मासु व्यापारी सहमत भएका बताइएको छ । यसबाट रेबिजको संक्रमण रोक्न पनि मद्दत पुग्ने वास्तविकताबारे उनीहरूलाई अवगत गराइएको थियो ।

तोमोहनमा २५ वर्षदेखि कुकुर-बिरालाको मासु बेच्दै आएका एल्भिनस पोनोग उचित समयमा व्यापार बन्दको निर्णय भएको बताउँछन् । हजारौं कुकुर मारेका उनी तिनलाई मार्न जाँदा तिनका आँखामा आफूले त्रास देखेको र त्यसबाट आफूलाई पनि नमज्जा लाग्ने गरेको बताएका छन् । बिक्रीमाथिको प्रतिबन्ध पशु र जनसाधारणको रक्षाका निम्ति अति उत्तम भएको बताएका छन् । *रासस/एएफपी*

# 'आफ्नो जलक्षेत्रबाट इन्धन उत्तर कोरिया लैजान नदेऊ'

**संयुक्त राष्ट्रसंघ–** युरोपेली संघ र अन्य तीन देशसहित सात राष्ट्रको समूहले चीनलाई आफ्नो जलक्षेत्रबाट इन्धन उत्तर कोरिया लैजाने अनुमति खारेज गर्न आग्रह गरेको छ ।

संयुक्त राष्ट्रसंघका प्रतिबन्धको अवहेलना गर्दै उत्तर कोरियामा इन्धन लैजाँदै गरेको देखिएकाले तेल बोकेका ट्याांकरलाई आफ्नो जलक्षेत्रबाट हटाउन ती देशले चीनलाई आग्रह गरेका हुन् ।

क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान, बेलायत र संयुक्त राज्य अमेरिकाका राजदूतले संयुक्त राष्ट्रसंघका लागि चीनका राजदूत झाङ जुनलाई सम्बोधन गर्दै लेखेको पत्रमा चीनको जलक्षेत्रबाट इन्धन आपूर्ति भइरहेकाले त्यसलाई रोक्न आफ्नो सरकारसँग अनुरोध गर्न आग्रह गरिएको छ ।

युरोपेली संघ, दक्षिण कोरिया, अस्ट्रेलिया र न्युजिल्याण्डका राजदूतहरूले पनि पत्रमा हस्ताक्षर गरेका छन् । चिनियाँ राजदूतलाई पत्र पठाइएको भए पनि त्यसको पुष्टि नभएको स्रोतले जनाएको छ । पत्रमा चीनको जलक्षेत्रमा ट्याांकरको उपस्थिति र आवागमनलाई उत्तर कोरियामाथि लगाइएको प्रतिबन्धको पालनाको अनुगमन गर्ने राष्ट्रसंघको विज्ञ समूहले अवलोकन गरेको उल्लेख गरिएको छ ।

सन् २००६ देखि संयुक्त राष्ट्रसंघले क्षेप्यास्त्र प्रक्षेपण र आणविक कार्यक्रमलाई लिएर उत्तर कोरियामाथि प्रतिबन्ध लगाएको छ । २०१७ मा प्योङयाङउपर कच्चा तेल आयातलगायत थप प्रतिबन्ध लागेको छ ।

यसैबीच, अमेरिकाले चीन र रसियाको समर्थनमा उत्तर कोरियाले क्षेप्यास्त्र परीक्षण गर्ने उत्तेजनात्मक गतिविधिलाई निरन्तरता दिएको आरोप लगाएका छन् । चीन र रुसले प्योङयाङमा नयाँ प्रतिबन्ध लगाउने प्रस्तावमाथि भिटो गरेर सुरक्षा परिषद्को एकता पनि खलबल्याएका छन् । *रासस/एएफपी*

## जी-२० ऊर्जामन्त्रीहरूको बैठक

# जीवाश्म इन्धन प्रयोग कम गर्ने विषयमा जुटेन सहमति




**नयाँ दिल्ली–** भारतमा शनिबार सम्पन्न २० राष्ट्रको समूह (जी-२०) का ऊर्जा मन्त्रीहरू विश्वव्यापी ऊर्जा मिश्रणमा जीवाश्म इन्धनको प्रयोग चरणबद्ध रूपमा कम गर्ने मार्ग तय गर्ने लक्ष्यमा सहमति जुटाउन असफल भएका छन् । बैठकपछि जारी गरिएको अन्तिम वक्तव्यमा विश्व तापक्रम वृद्धि (ग्लोबल वार्मिङ) मा ठूलो योगदान गर्ने कोइलाबारे उल्लेख गरिएको छैन ।

विश्वको सबैभन्दा बढी जनसंख्या भएको देश भारत र विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनजस्ता धेरै विकासशील अर्थतन्त्रका लागि फोहोर इन्धन ऊर्जाको प्रमुख स्रोत पनि हो । गत मे महिनामा हिरोसिमामा जी-७ का नेताहरूले 'जीवाश्म इन्धनको चरणबद्ध अन्त्यलाई तीव्रता दिन' र विश्वव्यापी तापक्रमले कीर्तिमानी उचाइमा पुगेको, बाढी, आँधीबेहरी र तातोहावालाई नियन्त्रण गर्ने सहमति गरेता पनि गोवामा सम्झौतामा पुग्न असफल भएको थियो ।

जी-२० का अध्यक्ष रहेको भारतका अनुसार केही सदस्यले विभिन्न राष्ट्रिय परिस्थितिअनुसार जीवाश्म इन्धनको चरणबद्ध अन्त्यको मागमा जोड दिएका छन् । तर, अन्यको यस विषयमा फरक मत थियो कि कटौती र हटाउने प्रविधिहरूले यस्ता चिन्ताहरूलाई सम्बोधन गर्दछ ।

जर्मनी, फ्रान्सलगायत प्रमुख इयू अर्थव्यवस्थाहरूको गठबन्धन र केही सबैभन्दा कमजोर टापु राज्यहरूले यसै हप्ता जी-२० लाई शुद्ध शून्य उत्सर्जनमा पुग्ने र जीवाश्म इन्धनलाई चरणबद्ध रूपमा समाप्त गर्ने योजनालाई तीव्रता दिन आग्रह गरेका थिए । संयुक्त राष्ट्रसंघका जलवायु विज्ञहरूले हालै सार्वजनिक गरेको अद्यावधिकअनुसार सन् २०२५ सम्ममा हरितगृह ग्यास उत्सर्जन उच्च बिन्दुमा पुग्ने र सन् २०१९ को तुलनामा सन् २०३० सम्ममा यसलाई ४३ प्रतिशतले कटौती गर्न उनीहरूले आग्रह गरेका छन् ।

तर, धेरै विकासशील अर्थतन्त्रहरूले विकसित पश्चिमले बढी प्रदूषक र हरितगृह योगदानकर्ताको रूपमा बढी पैसा तिर्नुपर्छ भन्ने तर्क गरिरहेका छन् । कुनै पनि संक्रमणका लागि विशाल पुँजी र नयाँ प्रविधिको आवश्यकता पर्दछ भन्नेमा उनीहरूले जोड दिएका छन् । जी-२० को आयोजक राष्ट्र भारतले अन्य धेरै देशले गरेको प्रतिबद्धताभन्दा २० वर्षपछि सन् २०७० सम्ममा शून्यमा पुग्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

जी-२० को अध्यक्षताका लागि तयार पारिएको एक प्रतिवेदनले ऊर्जा संक्रमणको लागत प्रतिवर्ष चार ट्रिलियन अमेरिकी डलर हुने अनुमान गरेको छ र विकासशील देशहरूका लागि कम लागतको वित्तपोषण र प्रविधि हस्तान्तरणको महत्त्वमा जोड दिएको छ ।

रूस र साउदी अरबजस्ता ऊर्जा उत्पादन गर्ने केही ठूला अर्थतन्त्रले पनि जीवाश्म इन्धनबाट छिटो बाहिरिने कुरामा निर्णय दिनसकेका छैनन् । *रासस/एएफपी*

# मेक्सिको सडक दुर्घटनामा ६ जनाको मृत्यु

**मेक्सिको सिटी–** मेक्सिकोको पश्चिमी राज्य मिचोआकानमा यात्रुबाहक बस र मालबाहक ट्रक एकआपसमा ठोक्किँदा छ जनाको मृत्यु हुनुका साथै अन्य ५३ जना घाइते भएका स्थानीय महान्यायाधिवक्ताको कार्यालयले शुक्रबार जनाएको छ ।

स्थानीय समयअनुसार बिहान १:०० बजे ला पिडाड-भिस्टा हर्मोसा राजमार्गअन्तर्गत युरेकुआरो सहरनजिकै दुर्घटना भएको कार्यालयले जनाएको छ ।

'बाजा क्यालिफोर्नियाको सान क्विन्टिनबाट ओक्साकातर्फ जाँदै गरेको एउटा यात्रुबाहक बसले किराना सामान बोकेका दुईवटा खाली बाकससहितको ट्याक्टर ट्रेलरलाई ठक्कर दिँदा आगलागी भएको र आगलागीबाट जलेर बसमा यात्रारत व्यक्तिको मृत्यु भएको छ,' विज्ञप्तिमा भनिएको छ ।

दुवै सवारीसाधनका चालकसहित छ जनाको मृत्यु भएको र मृतकको शव पहिचानका लागि फरेन्सिक सेन्टरमा लगिएको विज्ञप्तिमा उल्लेख छ । *रासस/सिन्हवा*

# तीन लाख १६ हजार भ्रष्टाचार मुद्दा छानबिन

**बेइजिङ–** चिनियाँ सरकारका अनुशासन तथा अनुगमन निकायले यो वर्षको पहिलो छ महिनामा तीन लाख १६ हजार भ्रष्टाचारका मुद्दाको छानबिन गरेको छ ।

भ्रष्टाचार नियन्त्रण गर्ने देशको सबैभन्दा ठूलो निकायले शनिबार जनाएअनुसार १८ जना प्रान्तीय वा मन्त्रीस्तरका व्यक्तिसहित दुई लाख ५८ हजार जनामाथि कारबाही गरिएको छ ।

चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय अनुसन्धान तथा राष्ट्रिय अनुगमन आयोगमा सोही अवधिमा १६ लाख ८० हजार उजुरी परेका थिए । ती मध्ये आठ लाख २८ हजार उजुरीमाथि आवश्यक कारबाही गरिएको छ । अनुसन्धानका क्रममा एक लाख ७० हजार वटा सामान्य गल्तीका मुद्दा पनि नियामक निकायका अधिकारीले निरूपण गरेका छन् । *रासस/सिन्हवा*

# पत्रकार तेजपाललाई दुई करोड क्षतिपूर्तिको आदेश

**नयाँदिल्ली–** दिल्ली उच्च अदालतले तेहेल्काल डटकमका पत्रकार तरुण तेजपाल, अनिरुद्ध भेल, म्याथ्यु सामुएल तथा मेसर्स तेहेल्का डटकमलाई दुई करोड रूपैयाँ क्षतिपूर्ति गर्न आदेश दिएको छ । न्यायाधीश नीना वंशल कृष्णाको इजलासले सेवा निवृत्त सैनिक अधिकृत एमएस अलुवालियालाई निजहरूबाट उक्त रकम क्षतिपूर्तिस्वरूप भराउने आदेश दिएको हो । सन् २००१ मा मेजर जनरल अलुवालियाले सैन्य सामग्री खरिदमा भ्रष्टाचार गरेको आरोप लगाउँदै तेहेल्काले डटकमले गोप्य कारबाही (स्टिङ अप्रेसन) गरेर खरिदसम्बन्धी विवरण सार्वजनिक गरेको थियो ।

तेहेल्काले सार्वजनिक गरेका भ्रमपूर्ण समाचार सामग्रीबाट आफ्नो मानहानी भएको जिकिर गर्दै जनरल आलुवालियाले उच्च अदालतमा मुद्दा दायर गरेका थिए । उनीमाथि प्रतिरक्षा सामग्री आयातमा ठूलो घोटाला गरिएको आरोप लगाइएको थियो ।

प्रतिरक्षा उपकरण उत्पादक बेलायती कम्पनीका नक्कली बजार प्रतिनिधि बनेर तेहेल्काका दुई जना पत्रकारले स्टिङ अप्रेसन गरेका थिए । उनले एक शिशी ब्ल्यू लेबल ह्विस्की र १० लाख रूपैयाँ घूस मागेको श्रव्य सामग्री तेहेल्काले प्रसारण गरेको थियो । उक्त सामग्री प्रसारण हुनेबित्तिकै भारतीय सेनाले उनीमाथि छानबिन थालेको थियो । छानबिनबाट प्रसारित श्रव्य सामग्री असत्य भएको प्रयोगशाला परीक्षणबाट पुष्टि भएको थियो ।

न्यायाधीश कृष्णाले भ्रामक समाचारबाट पीडितको चरित्र हत्या भएको सार्वजनिक मानप्रतिष्ठामा ठूलो आघात पुगेको, साक्षमा याचनाबाट त्यो आघात नमेटिने भएकाले उक्त रकम क्षतिपूर्ति भर्न आदेश दिएकी हुन् । *रासस/एएनआई*

**बीमालेख हरायो**

मिति २०८०/०३/१५ गते, महाराजगंजदेखि न्युरोडसम्म जाँदा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : सुमन बराल
बीमालेख नं : ११००४८९७१
Nepal Life Insurance Company
ठेगाना : काठमाडौं
सम्पर्क नं : ९७४६२७०७०७

**बीमालेख हरायो**

मिति २०८०/०१/०१ गते, बालाजुबाट गोलढुंगा जादै गर्दा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : ईश्वरी प्रसाद अम्गाई
बीमालेख नं : ११४०१४५४५
Nepal Life Insurance Company
ठेगाना : काठमाडौं
सम्पर्क नं : ९८४३५६३५७१

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : METRO SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/३० | पून: स्वीकृति मिति २०८०/०४/०६ | LT. No. 272037 | चलानी नं. ६०१८७७८९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Secuity Guards | 50 | 0 | 1500 | ४३११७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १५ गते (31th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

918/067/68
**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.**
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email :sunray918@gmail.com, srgoverseas@gmail.com

**वर्गीकृत विज्ञापन संकलन काउन्टर**

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११२८०० | प्रति तोला – ११२२५० | प्रति तोला – १४८० |



**आर्थिक आयआर्जनसँग जोडिंदै महिला** | दाङ राजपुरका महिलाले बनाएका चुरा पोते । गाउँपालिकाले यहाँका महिलाहरूलाई विभिन्न सीप सिकाएर आर्थिक आयआर्जनसँग जोडेको छ । *तस्बिरः पूर्णप्रकाश विश्वकर्मा/रासस*

# ‘निजी क्षेत्रले अब उत्पादन क्षेत्रको नेतृत्व गर्नुपर्छ’

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा प्रकाशशरण महतले अहिले निजी क्षेत्र व्यापार क्षेत्रमा बढी केन्द्रित हुँदै गएकाले अब उत्पादन क्षेत्रको नेतृत्व यस क्षेत्रले गर्नुपर्ने बताएका छन् ।

काठमाडौँमा आयोजित नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको नवनिर्वाचित अध्यक्ष तथा उपाध्यक्षको सपथग्रहण कार्यक्रम एवं उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कार वितरण कार्यक्रममा बोल्दै अर्थमन्त्री डा महतले उत्पादन क्षेत्रको नेतृत्व निजी क्षेत्रले गर्नुपर्ने बताएका हुन् ।

‘पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा हुने लगानी र नियमनकारी भूमिका सरकारी क्षेत्रले निर्वाह गर्छ’, उनले भने, ‘निजी क्षेत्रको भूमिका अब व्यापारमा मात्रै केन्द्रित हुने होइन, कर्पोरेट कल्चरसहितको निजी क्षेत्र आवश्यक छ ।’

निजी क्षेत्रले आफ्नो काम गर्ने पुरातन शैली परिवर्तन गरी थप व्यावसायिक बनाउन आवश्यक रहेको पनि उनले उल्लेख गरे ।

पहिले तत्कालीन अर्थमन्त्री डा रामशरण महतले मूल्य अभिवृद्धि कर (भ्याट) लागू परेपछि निजी क्षेत्रले त्यसको विरोध गरे पनि पछि त्यसले व्यवसायमा पारदर्शिता कायम गरेको उनको भनाइ छ । त्यस्तै सरकारले चालु आर्थिक वर्षको बजेटबाट विभिन्न वस्तुमा दिइरहेको भ्याट छुट खारेज गरेकोमा यसले कर प्रणालीमा थप सुधार हुने अर्थमन्त्री डा महतले उल्लेख गरे । बढी भ्याट छुट दिइरहेकोमा अहिले सरकारले त्यसलाई खारेज गरेर कर विस्तारको नीति लिएको उनको भनाइ छ ।




लेखा परीक्षण व्यवसायीले आफ्नो अधिकारको दुरूपयोग गर्न नहुनेतर्फ पनि अर्थमन्त्री महतले सचेत गराए । मन्त्री महतले लेखापरीक्षणव्यवसायविधिकोशासन र पारदर्शितासँग सोझै जोडिएको हुँदा त्यसको सुनिश्चितताका लागि जिम्मेवार भएर काम गर्न आवश्यक रहेको बताए । अहिले लेखापरीक्षण व्यवसायमा आबद्ध हुनेको संख्या बढिरहेको र यो शिक्षा लिनेहरूको संख्या बढिरहेकाले नेपाललाई चार्टर्ड एकाउन्टेन्ट उत्पादन गर्ने शैक्षिक केन्द्रका रूपमा विकास गर्न सकिने अर्थमन्त्री डा. महतको भनाइ छ ।

कार्यवाहक महालेखा परीक्षक राममाया कुँवरले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका नवनिर्वाचित अध्यक्ष सुजनकुमार काफ्लेलाई पद तथा गोपनीयताको सपथ गराए । त्यस्तै, उपाध्यक्ष प्रविनकुमार झाले अध्यक्ष काफ्लेसँग पद तथा गोपनीयताको सपथ लिए ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले प्रदान गर्ने उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कारमा यस वर्ष बैंकतर्फ सिद्धार्थ बैंक लिमिटेड, वित्तीय सेवा क्षेत्रतर्फ मुक्तिनाथ विकास बैंक, ऊर्जा क्षेत्रतर्फ बुटवल पावर कम्पनी र उत्पादन क्षेत्रतर्फ बोटलर्स नेपाल लिमिटेडले पहिलो स्थान हासिल गरेका छन् ।

# १४ जिल्लालाई पूर्ण दूरसञ्चारयुक्त जिल्ला बनाइँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सातवटै प्रदेशका दुई जिल्लालाई पूर्ण दूरसञ्चारयुक्त जिल्ला बनाउने बताएका छन् ।

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, नेपाल टेलिकम प्रादेशिक निर्देशनालय, मधेस प्रदेशद्वारा बाराको सिमरामा आयोजित नेपाल टेलिकमको सेवा प्रवाह र सुधारसम्बन्धी अन्तर्क्रियामा मन्त्री शर्माले चालु आर्थिक वर्षभित्र सबै प्रदेशका दुई-दुई जिल्लालाई पूर्ण दूरसञ्चारयुक्त जिल्ला बनाउने निर्णय भइसकेको र यो प्रभावकारी कार्यान्वयन गर्ने प्रक्रियामा रहेको बताइन् ।

पूर्वाधार निर्माणका क्रममा सरकारी निकायबीच समन्वय नहुँदा समस्या आउने गरेको उल्लेख गर्दै सरकारका प्रवक्तासमेत रहेका उनले सडक, खानेपानी, विद्युत्, दूरसञ्चारका पूर्वाधार निर्माणमा समन्वयमा ध्यान दिन आग्रह गरिन् ।

जङ्गल तथा निकुञ्ज क्षेत्रमा टेलिफोन अप्टिकल विस्तार र टावर निर्माणमा समस्या भएको गुनासो आएको उल्लेख गर्दै मन्त्री शर्माले यस विषयमा वन मन्त्रालयसँग समन्वय गर्ने काम भइरहेको जानकारी दिए । जहाँ बढी समस्या छ, त्यहाँ बढी सेवा दिनुपर्ने मान्यताअनुसार समस्या पहिचान गरी समाधानको खोजी गर्न मधेस प्रदेशबाट दूरसञ्चारको समस्या समाधानका लागि सुझाव सङ्कलनको अभियान सुरु गरिएको जानकारी दिँदै उनले मधेस प्रदेशमा नेपाल टेलिकमको सेवाग्राही विस्तारका लागि प्रभावकारी अभियान चलाउनुपर्नेमा जोड दिए ।

शिक्षालाई प्रविधियुक्त बनाउन देशभरिका सबै विद्यालयमा इन्टरनेट पुऱ्याउने तयारी गरिएको बताउँदै मन्त्री शर्माले धेरै विद्यालयमा इन्टरनेट सुविधा पुगिसकेको र बाँकी विद्यालयमा एक वर्षभित्र इन्टरनेट सेवा पुऱ्याउने बताइन् ।

पूर्वपश्चिम र उत्तर दक्षिण राजमार्गलाई पूर्ण दूरसञ्चारयुक्त बनाउने आफ्नो पहिलो निर्णय गरेको जानकारी दिँदै मन्त्री शर्माले यो निर्णय कार्यान्वयनका लागि प्रतिबद्ध रहेको बताइन् । सूचना प्रविधिको पहुँच नपुगेको ठाउँमा पुहँच पुर्‍याउने र सर्वसुलभ ढङ्गबाट सञ्चार सेवा उपलब्ध गराउने सरकारको प्राथमिकता रहेको चर्चा गर्दै मन्त्री शर्माले सूचना र सञ्चारको तीव्र विकास भएको अवस्थामा पनि हिमाल र पहाड भेगमा अझै सञ्चार सेवा पुग्न नसकेकाले त्यहाँसम्म कसरी सेवा पुऱ्याउने भन्ने ठोस योजना बनाउन टेलिकमलाई निर्देशनसमेत दिइन् ।

# कावासोतीका किसान कागतीखेतीमा

■ प्रभाव संवाददाता

**कावासोती–** नवलपरासी (बर्दघाट सुस्तापूर्व) को कावासोती नगरपालिका वडा नं १७ गोछडाटारका सागर लम्साल आजभोलि कागतीका बिरुवा रेखदेखमा व्यस्त छन् ।

पन्ध्र वर्षदेखिको वैदेशिक रोजगारीको यात्रालाई विट मार्दै लम्सालले गत वर्षदेखि सुनकागती लगाउन सुरु गरे । ‘अहिले बारीमा कागती फूल खेल्न थालेका छन्, यसैको रेखदेख र स्याहारमा दिन बित्ने गरेको छ’, लम्सालले भने । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत उनले अनुदानमा सुनकागती-१ का बिरुवा लगाएका हुन् ।

लम्सालले भने, ‘बिरुवामा ५० र सिँचाइमा ८५ प्रतिशत अनुदान पाएसँगै व्यावसायिकरूपमा कागती खेतीलाई अगाडि बढाउन सहयोग पुगेको छ ।’ परियोजनामार्फत पिभिसी ट्याङ्की, ट्याङ्की स्यान्ड, मोटर, पाइपलाइन विस्तार, सुनकागती-१ को ‘ग्राफ्टेड’ बिरुवा, घरेलु झोल मल निर्माणलगायतमा अनुदान प्राप्त भएको उनले बताए ।

लम्सालका अनुसार कागती खेती लगाउन तथा हेरचाह गर्ने विषयमा पनि परियोजनाले सहजीकरण गरिरहेको छ । ‘स्वदेशमा नै व्यवसाय गर्ने सोचलाई परियोजनाले साथ दियो’, उनले भने, ‘अहिले १७ ग√ा जग्गामा तीन सय सुनकागतीका बोट हुर्किंदैछन् ।’

उक्त परियोजना सञ्चालन भएपछि निर्वाहमुखी खेती गर्दै आएका किसान अहिले व्यावसायिकरूपमा कागतीखेतीमा आकर्षित भएका लम्सालको भनाइ थियो । एकपटक लगानी गरेपछि वर्षौंसम्म आम्दानी लिन सकिने र उत्पादन पनि मनग्य हुने भएकाले अन्य बाली लगाउने किसान पनि कागतीखेतीतर्फ आकर्षित भएका उनले बताए ।

गोछडाटारकै ४८ वर्षीय प्रेमराज ढुङ्गानाले अहिले धान बाली लगाउन छाडेर कागतीखेती सुरु



गरेका छन् । उनले परियोजनाको ५० प्रतिशत अनुदानमा एक सय ५० कागतीका बिरुवा रोपेर व्यावसायिकरूपा खेती सुरु गरेका हुन् ।

‘सुनकागती-१ लगाएका कृषकको बारीमा अवलोकन जाँदा उत्पादन राम्रो भएको देखेर व्यावसायिकरूपमा कागतीखेती गर्ने सोच आयो’, ढुङ्गानाले भने, ‘धान, मकै, तोरी लगाएर जीविकोपार्जन मात्रै हुने आम्दानीमा वृद्धि नहुने समस्या छ । एकपटकको लगानीले कागतीबाट वर्षौंसम्म आम्दानी लिन सकिने हुँदा यसतर्फ आकर्षित भएको हुँ ।’

जिल्लामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत सञ्चालित सुन्तला र फलफूल कार्यक्रममा कृषक आकर्षित भएका छन् । यस परियोजना सञ्चालनमा आएपछि निर्वाहमुखी खेती गर्दै आएका किसान व्यावसायिक खेतीतर्फ आकर्षित भएका परियोजनाले जनाएको छ ।

परियोजना कार्यान्वयन इकाइका वरिष्ठ कृषि अधिकृत विष्णुप्रसाद शर्माका अनुसार जिल्लामा यस वर्ष ५० नयाँ किसानले कागतीखेती सुरु गरेका छन् । परियोजनाले दिएको अनुदानमा सञ्चालित नर्सरीबाट तयार भएका २५ हजार सुन्तला र कागतीका बिरुवा यस वर्ष किसानलाई बिक्री गरिएको उनले जानकारी दिए ।

आर्थिक वर्ष २०७५/७६ देखि गाउँपालिकामा बुलिङटार, बौदिकाली र हुप्सेकोटको वडा नं ५ तथा नगरपालिकामा गैंडाकोट-१८, देवचुली-६, मध्यविन्दु-८ र १५ मा ‘सुन्तला र फलफूल जोन कार्यक्रम’ सुरु भएको कृषि अधिकृत शर्माले जानकारी दिए । उनका अनुसार उक्त कार्यक्रममार्फत खेतीका लागि क्षेत्र विस्तार र नर्सरी निर्माण भइरहेको छ ।

‘परियोजना सुरु हुनुपूर्व जिल्लामा तीन सय ३१ हेक्टरमा सुन्तला र कागतीको खेती हुँदै आएको थियो’, कृषि अधिकृत शर्माले भने, ‘अहिले आठ सय १८ हेक्टर क्षेत्रफलमा खेती विस्तार भएको छ ।’ यस वर्ष मात्रै जिल्लामा सुन्तला र कागतीको खेती ६० हेक्टर क्षेत्रफलमा विस्तार भएको छ ।

तुलनात्मकरूपमा क्षेत्रफल सुन्तलाको बढी भए पनि किसान कागतीखेतीतर्फ पनि आकर्षित हुँदै गएका उनको भनाइ थियो । शर्माले भने, ‘यस वर्ष ६० हेक्टरमध्ये ३३ हेक्टर क्षेत्रफलमा सुन्तला र २७ हेक्टरमा कागतीखेती विस्तार भएको छ भने ५० जना नयाँ किसान व्यावसायिक खेतीमा जोडिनुभएको छ ।’ शर्माका अनुसार सुनकागतीका बिरुवा तापक्रम बढी भएका ठाउँमा छिटो बढ्ने भएकाले पछिल्लो समय तराईमा सुनकागती लगाउन किसान आकर्षित भएका हुन् । ‘यस वर्ष व्यक्तिगतरूपमा एक हजारसम्म बिरुवा लगाउने किसान छन्’, उनले भने, ‘गैंडाकोट-१८ मा किसानले चक्लाबन्दी गरेर एउटै ब्लकमा १० हजार तीन सय बिरुवा लगाएका छन् ।’

‘पहिलो वालीले नै राम्रो उत्पादन दिन थालेपछि आयमूलक बालीका रूपमा किसानले कागती खेतीलाई लिएकाले साना किसान पनि यसतर्फ आकर्षित भएका हुन्’, शर्माले भने, ‘सुन्तला र फलफूल जोन कार्यक्रममार्फत क्षेत्र विस्तार गरी नर्सरी निर्माण भइरहेको छ ।’

नेवारवारी, राईकोट र रानीटारमा निर्माण गरिएका नर्सरीबाट प्रत्येक वर्ष ५० हजार बिरुवा तयार भइरहेको परियोजनाले जनाएको छ । यस वर्ष तयार भएका बिरुवामध्ये २५ हजार जिल्लाका कृषकलाई र पाँच हजार डिभिजन वन कार्यालयलाई बिक्री गरिएको छ । कृषि अधिकृत शर्माका अनुसार आगामी वर्षका लागि २० हजार ग्राफ्टेड र विजु बिरुवा जगेडा गरी राखिएका छन् । जिल्लामा ३३ कृषक समूह, पाँच कृषक सहकारी र ३० उद्यमी गरेर ६८ संस्था कागती खेतीमा आबद्ध छन् भने दुई हजार दुई सय ९७ धरधुरी यस खेतीमा संलग्न रहेका उनले जानकारी दिए ।

परियोजनाले तरकारी खेतीका लागि क्षेत्र विस्तार गर्ने, सुन्तला र फलफूल बालीका लागि नर्सरी निर्माण, सिँचाइको व्यवस्था र मेसिनरी औचार वितरणलगायत सहयोग गर्दै आएको छ । ‘सिँचाइमा ८५, बीउ, बिरुवामा ५० र मेसिनरी औजारमा ८५ प्रतिशत अनुदान किसानलाई दिँदै आएका छौँ’, कृषि अधिकृत शर्माले भने, ‘परियोजनाअन्तर्गत जिल्लामा अहिलेसम्म तरकारी, फलफूल र कागती खेतीमा गरी एक सय २१ समूह, ११ कृषक सहकारी, ८० उद्यमी आबद्ध छन भने छ हजार १८ घरधुरी संलग्न रहेका छन् ।’

# मुलुकभर ६८ प्रतिशत रोपाइँ

**काठमाडौं (प्रस)–** मुलुकमा जारी मनसुनी वर्षा केही सुस्त देखिएको छ । यस वर्षको वर्षा याममा कम पानी परेका कारण धान रोप्न किसानलाई समस्या भएको छ । पछिल्लो एक सातादेखि मनसुनी वर्षा पर्याप्त मात्रामा भएको छैन । भेगीय हिसाबले केही स्थानमा भारी वर्षा भए पनि देशभर निरन्तर वर्षा नहुँदा धान रोपाइँ प्रभावकारीरूपमा भएको छैन ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सञ्जेलका अनुसार कृषि विभागको यही साउन ५ गतेसम्मको तथ्यांकअनुसार मुलुकभर ६८ प्रतिशतमात्र रोपाइँ सम्पन्न भएको छ । २०७९ साउन ५ गतेसम्म ८८ प्रतिशत रोपाइँ सम्पन्न भएको थियो । गत वर्षकोभन्दा यस वर्ष सो अवधिमा २० प्रतिशत कम रोपाइँ भएको देखिन्छ । विशेषगरी मधेस प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशमा मनसुन ढिला सुरु भएका कारण धान रोपाइँ कम भएको विभागले उल्लेख गरेको छ ।

जल तथा मौसम विज्ञान विभाग मातहतको मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल देशमा मनसुनी वायुको आंशिक प्रभाव रहेको छ । मनसुनको न्यूनचापीय रेखा सरदर स्थानको दक्षिणतिर अवस्थित रहेको छ । यही कारणले तुलनात्मकरूपमा कम वर्षा भएको महाशाखाका मौसमविद् सञ्जिव अधिकारीले बताए । ‘अहिले मनसुन ब्रेकको अवस्था छ, वर्षाका क्रममा केही कमी आएको छ, वर्षा नै नहुने भन्ने त हैन तर, विगतका दिनको तुलनामा कम वर्षा हुने देखिन्छ,’ उनले भने । मनसुनको न्यूनचापीय रेखा सरदर स्थानकोभन्दा दक्षिणतिर रहेकाले वर्षा कम भएको उनको भनाइ छ । महाशाखाकै अर्का मौसमविद् रोजन लामिछानेले पनि मनसुनी वर्षा पर्याप्त नहुँदा धान रोप्न किसानलाई समस्या भएको उल्लेख गरे । ‘मनसुन वर्षा सरदरभन्दा केही कमजोर देखिएको छ । हरेक वर्ष मनसुनको एउटै ‘प्याट्रन’ हुँदैन । तर, यो वर्ष मनसुन केही कमजोर देखिएको छ, अझै दुई/तीन दिन वर्षा राम्ररी हुने अवस्था देखिँदैन,’ उनले भने ।

मनसुन कमजोर रहे पनि खण्डितरूपमा मुलुकभर वर्षा भइरहेको मौसमविद् लामिछानेको भनाइ छ । कृषि विभागको विवरणमा कर्णाली प्रदेशमा विशेषगरी लम्पी स्किन रोगका कारण गोरुको अभाव भई रोपाइँ थोरै प्रभावित भएको जानकारीमा आएको विभागले जनाएको छ । सुदूरपश्चिम प्रदेशमा रोपाइँ करिब सकिएको छ । विस्तारै मनसुन सक्रिय भइरहँदा, रासायनिक मलको उपलब्धता सुनिश्चित हुँदा र लम्पी स्कीन रोगको प्रभाव कम हुँदै जाँच्दा धान रोपाइँ हुने प्रतिशत क्रमशः बढ्दै जाने विभागको अपेक्षा छ । मध्यतराईमा साउन मसान्तसम्म नै रोपाइँ हुने गरेका सन्दर्भमा साउन मसान्तसम्ममा ९० देखि ९५ प्रतिशतसम्म रोपाइँ हुने अनुमान गरिएको विभागले उल्लेख गरेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ